**लोकतन्त्रको उपलब्धिको रक्षा गरौं**
- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागीताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

**लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- गर्मीलगत्तै पानी पर्दा झाडा–पखालाको प्रकोप बढ्छ,
- प्रदूषित खाना र पानी, जङ्कफूड, बासी, बजारको तेल हालेर पकाएको कुराबाट खाद्य प्रदूषण हुन सक्छ,
- उपचारभन्दा परहेज राम्रो, स्वास्थ्यप्रति सचेत बनौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ ११ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 24 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६१

## नेपाल–भारत व्यापार–पारवाहन सम्मेलन, २१ माग प्रस्तुत

राधेश्याम पटेल, परवानीपुर, १० जेठ/

नेपाल–भारत व्यापार तथा पारवहन सम्मेलन वीरगंजमा सम्पन्न भएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेश एवं पिएचडी उद्योग वाणिज्य महासङ्घ दिल्लीको संयुक्त आयोजनामा सो सम्मेलन सम्पन्न भएको हो । सम्मेलनमा नेपाल–भारतबीच हुने व्यापार तथा पारवहनको विषयमा दुवै देशका व्यवसायीले भोग्नुपरेका समस्याका बारेमा छलफल हुनुका साथै त्यस्ता समस्याहरू समाधानका लागि नेपाल र भारतका सरोकारवाला निकायले पहल गर्नुपर्ने आवाज उठेको थियो । सम्मेलनबाट २१ बुँदे माग राख्दै घोषणापत्रसमेत जारी गरिएको छ । घोषणापत्रमा नेपाली व्यवसायीहरूले सामना गर्नुपर्ने समस्या सम्बोधनका लागि २१ वटा माग राखिएका छन् ।


तस्वीर: प्रतीक

नेपाल र भारतले व्यापारिक तथा औद्योगिक नीति दीर्घकालीन बनाउनुपर्ने, आइसिपीको पूर्वाधार सुधार एवं प्रविधिमैत्री बनाउनुपर्ने, भारतीय बन्दरगाहमा काम छिटोछरितो र मितव्ययी हुनुपर्नेलगायतका माग गरिएका छन् ।

त्यसैगरी, अवैध कारोबार रोक्न नेपाली भन्सार नाकामा अनिवार्य एक्स–रे मेशीन सञ्चालनमा ल्याउनुपर्ने, दुवै देशका भन्सार नाकामा सफ्टवेयर रिडेबलको व्यवस्था गर्नुपर्ने, भन्सार क्षेत्रबाहिर निजी क्षेत्रलाई कस्टम बन्डेड (सिएफएस) सञ्चालनको लागि सरकारले अनुमति दिनुपर्ने, नेपाली बन्दरगाहसम्म विद्युतीय पूर्वाधार विस्तार गर्नुपर्ने माग गरिएको छ । त्यस्तै, कोलकाता, हल्दिया, विशाखापटनमसँगै भारतका सबै बन्दरगाहबाट सामान आयातको लागि बन्दरगाह खुल्ला गर्नुपर्ने, भारतीय बन्दरगाहबाट नेपाली ट्रक गएर सामान ल्याउन पाउनुपर्ने, रेलमार्गबाट नेपाली निजी कम्पनीले पनि सामान ढुवानी गर्न रेल कम्पनी सञ्चालनको लागि अनुमति पाउनुपर्ने, इसिटिएस खारेज गर्नुपर्ने, भारतीय बन्दरगाहसम्म एलसिएल (लेस देन कन्टेनर लोड) शीर्षकमा खुद्रामा आएका सामान सीधैं कन्टेनर खोलेर ढुवानीको साटो सीधैं नेपाली भन्सारसम्म आयात गर्न पाउनुपर्ने, नेपाली सिपिङ लाइसेन्सलाई कानूनको दायरमा ल्याइ नियमन गर्नुपर्ने, आइसिपी, बन्दरगाहबाट सामानसँगै यात्रु आवागमन शुरू गर्न यात्रुवाहक बस र सुविधासम्पन्न रेल सञ्चालन गर्नुपर्ने, नेपाल र भारतका मुख्य नाकाहरू वीरगंज, विराटनगर, भैरहवालगायतबाट दिल्लीसम्म सुविधासम्पन्न तीव्र गतिको रेलसेवा सञ्चालन गर्नुपर्ने, नेपाल–भारत नाका बिहान ५ देखि राति १२ बजेसम्म खोल्नुपर्ने माग राखिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानी र पिएचडिसिसिआई भारत–नेपाल केन्द्रका कार्यकारी निर्देशक कमलेश जैनको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कोलकातास्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत ईश्वरराज पौडेल र वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मीणाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाल इन्टरमोडेल बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्ट, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, नेपाल–भारत सहयोग मञ्चका अध्यक्ष अशोक बैद, नेपाल फ्रेट फर्वार्डर एशोसिएशनका उपाध्यक्ष नरेशकुमार अग्रवाल, वीरगंजका उद्योगपति जगदीश अग्रवाल, प्रिस्टिन भ्याली ड्राइपोर्टका प्रमुख अतुल शर्मा, विभिन्न सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरूको सहभागिता थियो ।

## सवारी दुर्घटनामा ४२ जनाको मृत्यु

प्रस, वीरगंज, १० जेठ/

पर्सा जिल्लामा सवारी दुर्घटनाबाट १० महीनामा ४२ जनाको मृत्यु भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख एवं प्रहरी निरीक्षक भास्कर खतिवडाले चालू आवको साउनदेखि वैशाख मसान्तसम्म ३६ जना पुरुष, छजना महिला र एकजना बालिका गरी ४२ जनाको सवारी दुर्घटनामा मृत्यु भएको बताए । उनले सो अवधिमा ७० जना गम्भीर र ५२२ जना सामान्य घाइते भएको बताए । प्रनि खतिवडाले गम्भीर र सामान्य घाइते हुनेमा पुरुषको सङ्ख्या बढी रहेको जानकारी गराए । ५४ जना गम्भीर घाइतेसहित ३४७ जना पुरुष घाइते भएका उनले बताए ।

यसैगरी, सो अवधिमा ४१२ वटा सवारी दुर्घटना भएकामा ८३ वटा सवारीसाधन क्षतिग्रस्त भएको प्रनि खतिवडाले जानकारी गराए । यसैगरी, सो अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने चालकलाई गरिएको कारबाहीबाट रु दुई करोड १७ लाख १७ हजार ७५६ जरिवाना असुल गरिएको बताए ।

ट्राफिक नियम उल्लङ्घन सबैभन्दा बढी ट्रक चालकबाट भएको र उनीहरूबाट जरिवानाबापत रु एक करोड २२ लाख ८७ हजार दुई सय राजस्व सङ्कलन भएको उनले बताए । सोही अवधिमा नौ हजार ७३४ वटा मोटरसाइकल चालक कारबाहीमा परी रु ६८ लाख चार हजार र १७० वटा यात्रुवाहक बसका चालकलाई कारबाही गरी रु १६ लाख ७५ हजार जरिवाना असुल गरिएको प्रनि खतिवडाले बताए । यसैगरी, सोही अवधिमा एक हजार ७२८ वटा हलुका सवारीसाधन (जीप, कार, भ्यान)का चालकबाट रु १५ लाख ८८ हजार ७०३ र ३१० वटा ट्याक्टरका चालकबाट रु दुई लाख ४७ हजार जरिवाना असुल गरिएको उनले बताए ।

उनले पर्सा जिल्लामा सवारी दुर्घटना न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिँदै आएको र ट्राफिक नियम कानूनबारेमा विभिन्न विद्यालयहरूमा कक्षा सञ्चालन गरिएको बताए । सचेतना कार्यक्रमबाट दुर्घटना न्यूनीकरण हुने र कक्षा सञ्चालनबाट ट्राफिक नियम उल्लङ्घनका घटनामा कमी आउने देखेर दुवै कार्यक्रमलाई प्राथमिकतामा राखेर सञ्चालन गरिरहेको र सोको प्रतिफल सकारात्मक देखिएको उनले दाबी गरे ।

## रिलिफको स्थापना दिवसमा सम्मान कार्यक्रम


तस्वीर: प्रतीक

प्रस, वीरगंज, १० जेठ/

रिलिफ सोसाइटी अफ कमर्श, वीरगंजको ३३औं स्थापना दिवसको अवसरमा बिहीवार सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

दिवसको अवसरमा खेलतर्फ अनिल रूपाखेती, सञ्चारतर्फ जगदीशप्रसाद शर्मा, चिकित्सातर्फ डा भावना झा र शिक्षण पेशातर्फ परीक्षा लामालाई सम्मानित गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि वीउवासङ्घका अध्यक्ष अनिल अग्रवालले सामाजिक सेवामा रिलिफ सोसाइटीको योगदानको प्रशंसा गरे ।

उनले सामाजिक सेवामा सक्रिय व्यक्तित्वहरूलाई सम्मानित गर्न पाउँदा गौरवान्वित महसूस गरेको बताए । कार्यवाहक अध्यक्ष नारायण रूँगटाको अध्यक्षतामा भएको कार्यक्रममा गणेश लाठले रिलिफका गतिविधिबारेका साथै बुद्धजयन्तीको बारेमा प्रकाश पारेका थिए ।

## कृषि औजार कारखानाको उत्पादन चाँडै बजारमा पठाइने

प्रस, परवानीपुर, १० जेठ/

किसानको लागि सहज र सुपथ रूपमा कृषि उपकरण उत्पादन गर्ने कृषि औजार कारखानाले केही महीनापछि आफ्ना उत्पादन बजारमा पठाउने तयारी गरिरहेको छ । राष्ट्रिय आविष्कार केन्द्रको व्यवस्थापनमा करीब डेढ वर्षदेखि सरसफाइ एवं मर्मतसम्भार गरी विगत चार महीनादेखि कृषि उपकरणहरूको उत्पादन कार्य शुरू गरिएको र आगामी छ महीनाभित्रै नेपालका मुख्य शहरहरूका विक्रेतामार्फत उत्पादित सामग्रीको बिक्री वितरण गर्ने लक्ष्य लिइएको राष्ट्रिय आविष्कार केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख मेकानिकल इन्जिनीयर रितेश देवका अनुसार हालसम्म करीब एक दर्जन उपकरण उत्पादन र परीक्षण गरी कारखानाको शो रूममा राखिएको र बिक्री वितरणको कागजी प्रक्रिया पूरा गरी चाँडै किसानका लागि उपलब्ध हुनेछ ।


तस्वीर: प्रतीक

कृषि औजार कारखानाका मेशीनहरू र उत्पादित कृषि उपकरण । तस्वीर: प्रतीक

हालसम्म धान काट्ने मेशीन, रिपर, कोदालो, च्याप कटर, मल्चर, गोडमेल गर्ने औजार, आलु रोप्ने मेशीन, बीउ रोप्ने मेशीनलगायत उपकरणहरू उत्पादन भइसकेको उनले बताए । किसानले व्यक्तिगतरूपमा सस्तो मूल्यमा हातले प्रयोग गर्ने र पावरटिलरमा प्रयोग हुने मेशीनको परीक्षण उत्पादन भएको र आगामी दिनमा उत्पादन र बिक्री वितरण शुरू भएपछि अन्य महँगो मूल्यका सामान उत्पादन गर्ने लक्ष्य लिइएको उनको भनाइ छ । केन्द्र मातहतमा हाल १५ जना प्राविधिक बिहान ८ देखि साँझ ६ बजेसम्म काम गरिरहेका छन् । सरकारले कृषि औजार कारखाना सञ्चालन गर्न राष्ट्रिय आविष्कार

(बाँकी अन्तिम पातामा)

## कर्मचारीलाई यौनजन्य दुर्व्यवहारविरुद्ध सचेतना

प्रस, वीरगंज, १० जेठ/

समाज कल्याण परिषद्का कर्मचारीहरूलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारविरुद्धको आचारसंहिताबारे सचेतना दिइएको छ । परिषद्मा आउने सेवाग्राही, सहकर्मी कर्मचारी तथा अनुगमन मूल्याङ्कनमा जाँदा हुने यौनजन्य दुर्व्यवहारविरुद्ध बिहीवार एक दिने सचेतना कक्षा सञ्चालन गरिएको थियो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले परिषद्का कर्मचारी, मूल्याङ्कनमा जाने टीम लिडरलगायतले सेवाग्राहीसँग आचारसंहिताविपरीत व्यवहार गर्ने गरेको उजूरी तथा गुनासाहरू आएपछि परिषद्का पदाधिकारी, विभागीय प्रमुख तथा कर्मचारीहरूलाई विषयगत विज्ञबाट सचेतना दिन निर्देशन दिएकी थिइन् ।

सोहीअनुरूप परिषद्ले सबै विभागका कर्मचारीहरूलाई व्यावहारिक, नैतिक र कानूनी ज्ञानसहित आचारसंहिताबारे सचेतना दिएको थियो । पहिलोपटक कर्मचारीहरूको लागि सचेतना कार्यक्रम आयोजना गरिएको बताइएको छ ।

सचेतनाले कार्यस्थलमा महिला र पुरुषले एकअर्कालाई कसरी सम्मानपूर्वक व्यवहार गर्ने, यौनजन्य दुर्व्यवहार भनेको के हो र कसरी हुन्छ, यस्ता खाले दुर्व्यवहारबाट कसरी बच्ने, यसका कानूनी प्रावधानबारे कानूनी र व्यावहारिक प्रशिक्षण दिइएको थियो ।

## ठोरीका शिक्षकहरूलाई आयुर्वेद तथा योग शिक्षाबारे प्रशिक्षण

चिरञ्जीवी सापकोटा, ठोरी, १० जेठ/

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, वीरगंज, पर्साको आयोजना तथा आयुर्वेद औषधालय, ठोरीको समन्वयमा बिहीवारदेखि ठोरीका तीनवटा माध्यमिक विद्यालयका शिक्षकहरूलाई पाँच दिने विद्यालय आयुर्वेद तथा योग शिक्षासम्बन्धी तालीम शुरू भएको छ ।



तस्वीर: प्रतीक

ठोरी गाउँपालिकाका वडाध्यक्ष अमृतकृष्ण सापकोटाले कार्यक्रमको उद्घाटन गर्दै आयुर्वेद र योगप्रति समाजले विश्वास गर्दै गइरहेको र निरोगीताको प्रमुख माध्यमसमेत बन्दै गएको हुँदा यस तालीमको पूर्ण सदुपयोग गरी विद्यालय र समाजमा सकारात्मक सन्देश लैजान शिक्षकहरूलाई आग्रह गरेका थिए ।

कार्यक्रममा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, वीरगंजका प्रमुख डा शिवनारायण गुप्ताले शिक्षकहरू समाजको आदर्श भएका हुँदा यो कार्यक्रम विद्यालयमा ल्याइएको र शिक्षकहरूलाई प्रशिक्षित बनाउने उद्देश्य राखिएको बताए ।

जिल्लाका तीनवटा विद्यालयका १२ जना शिक्षकलाई प्रशिक्षित पार्ने निर्देशन अनुसार आफूहरूको रोजाइमा ठोरी परेको समेत डा गुप्ताले बताए । ठोरी–२ मा अवस्थित वनशक्ति आधारभूत विद्यालयमा आजदेखि शुरू भएको आयुर्वेद

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**मानिसले जीवन बिताइदिन्छ अरूलाई खुशी पार्न; जो खुशी बन्छन् ती आफ्ना हुँदैनन्, जो आफ्ना हुन्छन् ती कहिल्यै खुशी हुँदैनन् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## श्रीसियाको प्रदूषण

**बारा जिल्लाको जीतपुरसिमरास्थित रामवन मुहान रहेको श्रीसिया नदी वीरगंज महानगरपालिका–३२ परवानीपुरस्थित सिद्धि टेक्सटाइल्सदेखि प्रदूषित भएको देखिन्छ । सिद्धि टेक्सटाइल्स अघिको श्रीसिया नदी निश्चल, सफा बगिरहेको देखिन्छ । सिद्धि टेक्सटाइल्सपछि अरनिका टेक्सटाइल्सको प्रदूषित पानीले श्रीसियालाई थप प्रदूषित पारेको छ । यसका साथै जीतपुरसिमरा, परवानीपुर र वीरगंज महानगरपालिकामा नदीसँग जोडिएका उद्योगहरूबाट श्रीसिया नदी प्रदूषित भएको कुरा कसैबाट लुकेको छैन । तीनवटा पालिकामा रहेका ६३ वटा उद्योग श्रीसिया नदी प्रदूषित पार्ने कार्यमा संलग्न छन् । यो तथ्याङ्क महानगरपालिकाको वातावरण महाशाखाले तयार गरेको सर्भेमा देखिएको हो । श्रीसिया नदी चार दशक अघिसम्म स्वच्छ थियो । यो खोलामा मानिसहरू लुगा धुने, भाडा माझ्ने, नुहाउने र केहीले पिउनेसम्मका कार्यमा खोलाको पानी प्रयोग गर्थे । वस्तुहरूको लागि पनि नुहाउने थलो थियो, श्रीसिया । पुरुषहरू जनै पूर्णिमा र महिलाहरूको श्रीपञ्चमीलगायतका पर्वहरूमा श्रीसिया नदीमा पूजापाठलगायतका कार्यहरू गर्दै आएका थिए । अहिले श्रीसिया नदीमा छठपूजा मात्र गरिन्छ ।**

**श्रीसिया नदीको पानी प्रदूषित भएपछि सिंचाइका लागि पनि पानीको प्रयोग हुन छाडेको छ । अति दुर्गन्धित अवस्थामा श्रीसिया नदी पुगेपछि त्यसको प्रयोग आम मानिसहरूको दैनिकीबाट टाढिएर अहिले उद्योगहरूको रसायनयुक्त पानी विसर्जन गर्ने थलो भएको छ । श्रीसिया नदीमा प्रदूषणजन्य गतिविधि नियन्त्रणका लागि बचाउ अभियान सञ्चालन भएको पनि लामै समय भयो । विभिन्न सङ्घसंस्थाहरूले श्रीसिया नदीको पानी सफा गर्न दबाबमूलक कार्यहरू पनि गर्दै आएका छन् । यसबारेमा अनुगमन, प्रतिवेदनहरू पनि नबनेका होइनन् तर कुनै पनि दबाब, अनुगमन र प्रतिवेदनबाट श्रीसिया प्रदूषणमुक्त हुन सकेन । उद्योगहरूका कारण प्रदूषित श्रीसिया नदीको किनारालाई वीरगंज महानगरले डम्पिङ साइटसमेत बनायो । व्यवस्थित डम्पिङ साइट निर्माणपूर्व महानगरका फोहरहरू श्रीसियाको किनारामा विसर्जन गरिन्थ्यो । डम्पिङ साइट बनेपछि मात्र नदी किनारामा फोहर विसर्जन कार्य रोकिएको हो । नदी किनारामा महानगरले फोहर विसर्जन गर्दा छिमेकी भारत रक्सौलका नागरिकहरूले विरोध गरेका थिए । अन्तर्राष्ट्रिय नियमको बर्खिलाप सो काम भएकोले रक्सौलमा श्रीसिया नदी बचाऊ आन्दोलन अन्तर्गत धर्ना, प्रदर्शन, ज्ञापन दिने जस्ता कार्यहरू गरिए पनि ।**

**श्रीसिया नदी प्रदूषणमुक्त गर्नका लागि उद्योगीहरूले मात्र इमानदारी देखाउन जरुरी छ । सरकारले उद्योगीहरूलाई तह लगाउन नसकेको अवस्थामा श्रीसिया नदी प्रदूषणको नाममा मन्त्रालय र विभागको लागि कमाइखाने भाँडो बनेको छ । उद्योग स्थापनाकै क्रममा पानी प्रशोधन केन्द्र जडान गर्नुपर्ने प्रावधान छ । रसायनयुक्त पानीको काम गर्ने उद्योगहरूले मात्र पानी प्रशोधन केन्द्र स्थापना गरेर श्रीसियामा विसर्जनको व्यवस्था गर्दा समस्याको समाधान हुन्छ । तर अनिवार्यरूपमा गरिनुपर्ने यो काम अहिलेसम्म नगरिंदा समस्या देखिएको हो । उद्योगका प्रदूषित पानी श्रीसिया नदीमा विसर्जन गर्न रोक मात्र लगाउने हो भने पनि श्रीसिया स्वच्छ हुने कुरामा दुई मत छैन ।**

# अपराध अनुसन्धानको विषयमा टीकाटिप्पणीको औचित्य

आजभन्दा लगभग चार हजार वर्ष पहिले बेबिलियन साम्राज्यमा एकजना बादशाह हमुरवी आए । उनले पहिलोपटक लिखित कानून बनाए, जसलाई 'कोड अफ हमुरवी' भनियो । जसको मुख्य उद्देश्य थियो–जनतालाई कानूनको दायरामा राख्न लिखित दस्तावेजको आवश्यकता । उनले २८२ वटा कानून शिलास्तम्भमा लेख्न लगाए । त्यसमा आँखाको बदला आँखा भन्ने प्रावधान थियो, जसको भारतमा लोकतन्त्र आएपछि महात्मा गाँधीले खण्डन गर्दै भनेका थिए–आँखाको बदला आँखाको प्रावधानले पूरा दुनियाँ अन्धो हुन सक्छ । जुन कुरा अहिले आत्मरक्षाको अधिकारको रूपमा स्वीकार गरिएको छ । उक्त कोडमा रहेका २८२ कानूनमध्ये कुनै पनि कानून लोकतान्त्रिक मान्यताअनुरूप नभए पनि उक्त कोड अहिलेको कानूनी इतिहासमा महत्त्वपूर्ण किन छ भने विश्वमा लिखित कानूनको सुरुआत सोही हमुरवी कोडबाट भएको बताइन्छ ।

अपराधशास्त्रको सिद्धान्तमा पनि परिवर्तन हुँदै कठोर तथा अमानवीय दण्ड प्रणाली विस्थापित गर्दै अपराधीको पनि अधिकारको संरक्षण र निष्पक्ष सुनवाइ तथा समानताका सिद्धान्तहरू अवलम्बन हुन थाल्यो । बेलायतको म्याग्नाकार्टादेखि फ्रान्सको क्रान्ति, टुवेल्भ टेबुलको प्रावधान, अमेरिकी संविधानको निर्माण तथा मानव अधिकार घोषणापत्र, राष्ट्रसङ्घको स्थापनालगायतबाट अपराधीलाई अपराधीभन्दा पनि मानवको दृष्टिकोणले हेर्ने अवस्था आयो । यसैको फलस्वरूप कुनै अपराधमा आरोप लागेका व्यक्तिलाई पहिले सुन्ने अनि थुन्ने प्रावधान अवलम्बन गर्दै अनुसन्धान तथा अदालती सुनवाइमा कुनै भेदभाव गर्न पाइन्न । अपराध पुष्टि नहुन्जेलको अवस्थामा आरोपीलाई अभियुक्त भनियो र अभियुक्तको ती किसिमको अधिकारको व्यवस्था गरियो, जसलाई ट्रायल राइट, सुनवाइ क्रमको राइट तथा पुनरावेदकीय अधिकारको संरक्षणको कानूनी व्यवस्था गरियो ।

नेपालको कानूनले २०४७ सालपछि ती लोकतान्त्रिक अधिकार अङ्गीकार गरे पनि, कुनै कसूरको आरोप लागेको व्यक्तिलाई जाहेरी दरखास्त दर्ता गर्ने बित्तिकै प्रहरीले नियन्त्रणमा लिई २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराइ अनुमति पाएपछि बढीमा २५ दिनसम्म अनुसन्धानको लागि हिरासतमा राख्न सक्थ्यो, जुन 'पहिले सुन अनि थुन' सिद्धान्त अनुकूल थिएन । तर नयाँ कानून आएपछि कुनै पनि व्यक्तिलाई पक्राउ गर्नुपूर्व अदालतबाट पक्राउ अनुमति लिनैपर्ने प्रावधान आयो, जसले 'सुन अनि थुन्न'को सिद्धान्तलाई केही हदसम्म पालन गरेको भन्न सकिन्छ । अहिलेको हाम्रो फौजदारी कानून प्रायः मानव अधिकार तथा लोकतान्त्रिक अधिकार–मैत्री छ । यसले अपराध घटेको हो कि बढेको छ, समीक्षा हुनु जरुरी छ ।

कानून र न्यायको मूल उद्देश्य अपराध

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

**अहिले कान्तिपुर मिडिया ग्रुपका मालिकलाई फौजदारी कसूरको अनुसन्धानमा गिरफ्तार गरिएको छ । जसको समर्थन तथा विरोधमा पूरा मुलुक गुञ्जायमान छ । यसको कुनै औचित्य छैन, किनभने फौजदारी कानून अनुसार प्रारम्भिक प्रमाणको आधारमा पक्राउ अनुमति प्रदान भएर पक्राउ गरिएको छ, अनुसन्धानपछि अदालतमा विवाद गएपछि अदालतले एउटा निष्कर्ष दिन्छ ।**

उन्मूलनीकरण हो । जुन कानूनले आपराधिक मानसिकता कम गर्न सक्दैन, त्यो कानूनको औचित्य रहन्न । संविधानले कानूनी समानताको बलियो प्रावधान बनाए पनि व्यावहारिकरूपमा लागू नभएको आभास हुन्छ । किनभने अभियुक्तलाई नियन्त्रणमा लिई अनुसन्धान गरी अभियोगपत्र दायर गर्ने अधिकार सरकारको हो भने दायर भएको अभियोग अनुसारको कसूरदार हो कि होइन भनी निर्णय दिने अधिकार अदालतको हो । सयौं मुद्दाको अनुसन्धान एवं अभियोजन दिनहुँ हुन्छ, फैसला पनि हुन्छ, तर एकाधबाहेक कसैको चर्चा हुँदैन । तर कुनै ठूलो ओहदा वा धनी व्यक्ति उपर जाहेरी दर्ता हुनेबित्तिकै देश मात्र होइन, विश्वभरि तहलका मचाइन्छ, जुन आफैंमा एउटा विभेद हो । अहिले मुलुकमा केही नागरिकतासम्बन्धी कसूरको अनुसन्धान राज्यले गर्न थालेको छ । अनुसन्धान मुलुकभरि गरिंदै छ, दिनहुँ मानिस अनुसन्धानको दायरामा पर्छन् तर तिनीहरूबारे कसैले खासै जानकारी पाउँदैन । यसर्थ कानूनले मानव–मानवलाई समान माने पनि व्यवहारमा शक्ति, पहुँचवालाभन्दा गरीब, निमुखा मानिस फरक छन् भने बुझिन्छ; जुन लोकतान्त्रिक मान्यता होइन । अदालतमा विचाराधीन मुद्दा तथा अनुसन्धानको विषयमा पृथक–पृथक राय दिने गरिन्छ, जुन कुनै न कुनै रूपमा स्वतन्त्र न्यायालयको भूमिकामा अवरोध पुऱ्याउनु हो ।

अहिले कान्तिपुर मिडिया ग्रुपका मालिकलाई फौजदारी कसूरको अनुसन्धानमा गिरफ्तार गरिएको छ । जसको समर्थन तथा विरोधमा पूरा मुलुक गुञ्जायमान छ । यसको कुनै औचित्य छैन, किनभने फौजदारी कानून अनुसार प्रारम्भिक प्रमाणको आधारमा पक्राउ अनुमति प्रदान भएर पक्राउ गरिएको छ, अनुसन्धानपछि अदालतमा विवाद गएपछि अदालतले एउटा निष्कर्ष दिन्छ । यदि अदालतबाट सफाइ पायो भने क्षतिपूर्ति पाउने अधिकार सिर्जना हुन्छ, दोषी ठहर हुँदा सजाय भुक्तान गर्नुपर्छ । यसर्थ न्यायको एउटा पद्धतिमा गइसकेको अवस्थामा टीकाटिव्पणी गर्नु, समर्थन र विरोधमा बोल्नुको कुनै अर्थ छैन ।

एउटा राजनीतिक दलले गृहमन्त्रीलाई केही फौजदारी कसूरको आरोप लगाइ छानबीनको लागि संसदीय समिति गठन गर्न दबाब दिएको छ र सोही अनुसारको सामग्री कान्तिपुर दैनिकमा प्रकाशित भएका छन् । गृहमन्त्रीलाई लक्षित भएको सामग्री प्रकाशित भएलगत्तै मिडिया हाउसका मालिकलाई नियन्त्रणमा लिंदा पूर्वाग्रह राखी पक्राउ गरिएको भन्ने दाबीलाई अस्वीकार गर्न कठिन छ । नागरिकतासम्बन्धी ऐनको प्रावधानविपरीत जस कसैले नागरिकता लिनु फौजदारी कसूर भएपनि उक्त वारदात धेरै वर्ष पहिले भएको तथ्य बाहिर आएको छ, तर पहिले सोधखोज गरिएन । अहिले सोधखोज गर्नुले बजारको आशङ्का अन्यथा छैन ।

वास्तवमा भन्ने हो भने नेपालमा नागरिकताको विवाद मात्र होइन, नागरिकतासम्बन्धी कसूर पनि अत्यधिक देखिएका छन् । जसको समाधान हुनु जरुरी छ । यहाँ दोहोरो नागरिकता लिनेले मुलुकको साधन स्रोतको दोहन गरी अन्य देश लगिरहेका छन् भने रैथाने नागरिक समस्यामा पिल्सिरहेका छन् । अरू देशको नागरिकले हाम्रो देशको नागरिकता लिनु गलत होइन, यो सौभाग्य र गर्वको विषय हो, तर अरू देशको नागरिकले आफ्नो देशको नागरिकता त्याग गरी यहींको नागरिक भएर बस्न आउनुपर्छ । यहाँको नागरिक हुने, यहाँको साधन स्रोतबाट आर्थिक लाभ लिने र आफ्नो पुरानै देशमा लग्ने हो भने त्यस्ताको नागरिकता रद्द गर्नैपर्छ । पछिल्ला समयमा बनेका अधिकांश नागरिकता दोहोरो हो कि होइन, जाँच्न आवश्यक छ । दोहोरो ठहरेमा कारबाही थाल्नुपर्छ भने कमाएको सम्पत्ति पनि जफत गर्नुपर्छ ।

कुनै पनि व्यवस्थाको सफलता र असफलता दुईटा कुरामा भर पर्छ । पहिलो– शान्ति र समृद्धि; दोस्रो– आपराधिक गतिविधिमा नियन्त्रण । व्यवस्था जतिसुकै सुदृढ र लोकतान्त्रिक भएपनि यदि अपराध र अपराधी राज्यको नियन्त्रणमा छैन भने व्यवस्था असफल हुन बेर लाग्दैन । यसर्थ हामीले जुन पद्धति अँगालेका छौं, त्यसलाई सफल पार्न हाम्रो पहिलो दायित्व अपराध नियन्त्रण र विधिको शासन लागू गर्नु हुनुपर्छ । अपराध र अपराधीलाई नियन्त्रण गर्न वास्तविक अपराधी छुट्नुहुँदैन भने निर्दोषले सजाय पाउनुहुँदैन ।


फौजदारी न्याय सिद्धान्तले भन्छ– नौजना अपराधी छुटोस् तर एकजना पनि निरअपराधीले सजाय पाउनुहुँदैन । शङ्काको भरमा कसैलाई सजाय दिन मिल्दैन । शङ्काको सुविधा अभियुक्तले पाउनुपर्छ । उपरोक्त फौजदारी सिद्धान्तहरू वास्तविक अपराधीलाई सजाय दिने र अपराध नियन्त्रण गर्ने मूलमन्त्र नै हुन् । यसर्थ यी सिद्धान्त अदालत तथा सरकार कसैले पनि बिर्सनुहुँदैन । प्रहरीले पनि अनुसन्धान गर्दा यी कुराहरू आत्मसात् गर्नुका साथै मानव अधिकार एवं अभियुक्तको अधिकारलाई पनि महत्त्व दिनुपर्छ ।

अपराध र अपराधीले दुईवटा कुरामा अवरोध गर्छ, समाजको अमनचयन र विकास काम । यसर्थ अपराध नियन्त्रण नभएसम्म न शान्ति कायम हुन सक्छ, न देशकै विकास हुन सक्छ । यसै कारणले ठूला एवं विकसित मुलुक अपराध नियन्त्रण गर्न केन्द्रित रहेका हुन्छन् । जुन मुलुकले अपराध र अपराधीलाई बढी नियन्त्रण गर्न सकेको छ, त्यो बढी विकसित एवं लोकतान्त्रिक साबित भएको छ । जसले अपराध र अपराधी नियन्त्रण गर्न सकेको छैन, त्यो अधोगतिमा रहेको छ । जस्तै पाकिस्तान, अफगानिस्तान, नाइजेरिया आदि । यसर्थ राज्यले अपराधलाई बढावा हुने कुनै पनि कार्य गर्नुहुँदैन भन्ने मान्यता रहेको छ । अपराध नियन्त्रण राज्यको प्राथमिक दायित्व रहेको हुँदा विकसित मुलुकहरू अपराधको स्रोतको अनुसन्धान र अपराध नियन्त्रण गर्ने कानून निर्माणको लागि सुझाव दिन संस्थागत संयन्त्र नै निर्माण गर्छन् । एकाध व्यक्तिको प्रतिवेदन वा विज्ञताको भरमा बनेको कानून, संस्थागत प्रतिवेदनको आधारमा बनेको कानूनभन्दा बढी लाभदायी हुन सक्दैन । अमेरिकामा सन् १९०९ मा द अमेरिकन इन्स्टिच्युट अफ क्रिमिनल ल एन्ड क्रिमिनोलजी, भारतमा सन् १९७१ मा इन्स्टिच्युट अफ क्रिमिनोलजी एन्ड फोरेन्सिक साइन्स तथा बेलायतमा इन्स्टिच्युट अफ क्रिमिनोलजी स्थापना भएका छन् । सदरल्यान्डका अनुसार अपराध नियन्त्रणका लागि अपराधको वैज्ञानिक अध्ययन अपरिहार्य हुन्छ, जसमा सोसियोलजी अफ ल, इटियोलजी अफ क्राइम र द पेनोलजीको वैज्ञानिक अध्ययन हुनैपर्छ । सोसियोलजी अफ क्राइममा फौजदारी कानूनको निर्माण, विकास र संशोधनको अध्ययन गर्नुका साथै देश–विदेशका फौजदारी कानूनसँग तुलनात्मक अधययन गरिन्छ । इटियोलजीमा अपराध हुने कारण र अपराधलाई प्रभावित पार्ने तत्त्वको अध्ययन गरिन्छ भने पेनोलजीमा दण्डको उद्देश्य, दण्ड प्रणाली एवं पुनः समाजीकरण गर्ने विधिको विशेष अध्ययन गर्नुपर्छ । यसले अपराध नियन्त्रणमा सहयोग मात्र पुग्दैन, वैज्ञानिक पद्धतिको पनि निर्माण हुन्छ ।

# गोरखाकी फुञ्जो लामाको नाममा छिटो सगरमाथा आरोहणको कीर्तिमान

काठमाडौं, १० जेठ/ रासस

नेपाली महिला आरोही फुञ्जो झङ्मु लामाले १५ घण्टाभन्दा कम समयमैं विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेर कीर्तिमान कायम गरेकी छन् । वसन्त ऋतुको जारी सगरमाथा आरोहणमा गोरखाकी फुञ्जोले बिहीवार बिहान ६:२३ बजे सगरमाथाको चुचुरोमा पुगेर सगरमाथाको सबैभन्दा छिटो महिला आरोहीको कीर्तिमान बनाएकी हुन् । सगरमाथा आधार शिविरस्थित पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयका प्रमुख खिमलाल गौतमका अनुसार बुधवार दिउँसो ३:५२ मा आधार शिविरबाट आरोहण शुरू गरी आज बिहान ६:२३ बजे आरोही फुञ्जोले सगरमाथाको चुचुरोमा पाइला टेकेकी थिइन् । उनले १४ घण्टा ३१



तस्वीरः रासस

मिनेटमा सगरमाथा आरोहण गरी कीर्तिमान कायम गरेको जनाइएको छ ।

यसअघि सन् २०१८ मा फुञ्जोले ३९ घण्टा छ मिनेटमा सगरमाथाको शिखरमा पुगेर रेकर्ड बनाएकी थिइन् । पछि सन् २०२१ मा हङकङकी स्याङ यिन हङले २५ घण्टा ५० मिनेटमा सगरमाथा आरोहण गरेर बनाएको कीर्तिमान फुञ्जोले तोडेकी हुन् । यसअघि दोलखाका पेम्बादोर्जे शेर्पाले आठ घण्टा १० मिनेटमा सगरमाथा आरोहण गरेर सबैभन्दा छिटो सगरमाथा आरोहण गर्ने पुरुषको रूपमा गिनिजबूकमा रेकर्ड कायम गरेका थिए ।

विसं २०४३ मा गोरखाको छेकाम्बर बुर्जी गाउँ (चुम भ्याली)मा सामान्य परिवारमा जन्मेकी फुञ्जोको सानै उमेरदेखि हिमाल आरोहणमा रुचि थियो । अमेरिकाको 'डेनाली' हिमाल आरोहण गरेर आरोहण यात्रा प्रारम्भ गरेकी फुञ्जोले चोयु, अमादब्लम, लापुछे, मनास्लुजस्ता हिमाल चढिसकेकी छन् । उनले फ्रान्सको 'मोमलङ' हिमाल पनि आरोहण गरिसकेकी छन् । सगरमाथा आरोही सङ्घका महासचिव तथा नेपाल पर्वतारोहण सङ्घका सचिव शिवबहादुर सापकोटाका अनुसार आरोही फुञ्जोले २४ घण्टा २४ मिनेटमा सगरमाथाको आधार शिविरबाट चुचुरोसम्म र सगरमाथाको चुचुरोबाट आधार शिविरसम्म आरोहण सकेर नयाँ कीर्तिमान बनाएकी छन् ।

उनले नेपाली चेलीको साहसिक कार्यले संसारभर नेपालको साहसिक पर्यटन प्रवर्द्धनमा सन्देश दिनुका साथै विश्वशान्ति, जलवायु परिवर्तन, पर्यटन प्रवर्द्धनमा लाग्ने आरोहीको प्रोत्साहनमा पनि भूमिका खेलेको बताए ।

फुञ्जोले हिमाल आरोहणका क्रममा दुर्घटनामा परेकालाई हेलिकप्टरमा

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## आर्थिक क्षेत्रमा सहकारी अवधारणाको चरम दुरुपयोग

**अर्थविशेष**



**विश्वराज अधिकारी**
akoutilya@gmail.com

**नेपालको सन्दर्भमा साना बचतकर्ताहरूको रु ५० हजार सम्मको निक्षेपको बीमा सरकारले गरिदिंदा राम्रो हुन्छ । यस्तो भएमा, साना बचतकर्ताहरूले लगानी गरेको बैंक वा सहकारी संस्था डुबे पनि साना बचतकर्ताहरूको लगानी (निक्षेप) डुब्न पाउँदैन ।**

नेपालमा सहकारी अवधारणाको चरम दुरुपयोग भएको छ। जुन उद्देश्यको लागि सहकारी संस्थाहरूको स्थापना हुनुपर्ने हो त्यसको ठीकविपरीत सहकारी संस्थाहरूको स्थापना भएको छ ।

सहकारी सङ्गठन वा संस्थाहरूको उद्देश्य मुनाफा गर्नु होइन । सहकारी संस्थाहरूको उद्देश्य सहयोग गर्नु हो । समान प्रकृतिको सहयोग प्राप्त गर्न एउटा समूह गठन गर्ने र त्यस समूहभित्र रहेका सदस्यहरूले एक अर्कालाई सहयोग गर्ने उद्देश्य सहकारी संस्थाको अन्तर्निहित उद्देश्य हुन्छ ।

मुनाफा आर्जन गर्ने नभएर, परस्पर सहयोग गर्ने उद्देश्य सहकारी अवधारणा अन्तर्गत राखिएको हुन्छ। निष्कर्षमा भन्ने हो भने सहकारी संस्थाहरूको मूल उद्देश्य यस संस्थाभित्र रहेका सदस्याहरूले एक अर्कालाई सहयोग गर्नु हो, एक अर्काबाट ठूलो मुनाफा आर्जन गर्नु होइन । तर नेपालमा सहकारी संस्थाहरूको स्थापना, केही अपवादबाहेक, केवल मुनाफा प्राप्त गर्नका लागि भएको पाइन्छ । सामान्य मुनाफा होइन, अत्यधिक मुनाफा प्राप्त गर्नका लागि स्थापना गरिएको पाइन्छ। यसले गर्दा नै सहकारी अवधारणा अहिले नेपालमा सहयोग गर्ने माध्यम बन्न नसकेर समस्या बन्न पुगेको छ। विवादको विषय बन्न पुगेको छ। कलहको बीउ हुन पुगेको छ ।

नेपालमा सहकारी स्थापनाको उद्देश्य नै फरक भएकोले र यसलाई मुनाफा आर्जन गर्ने राम्रो व्यापारको रूपमा लिइएकोले नै धेरै सहकारी संस्थाहरू बन्द भएका हुन्। सहकारी अवधारणाको गलत प्रयोगले गर्दा नै हजारौ व्यक्ति (बचत कर्ता) हरूको लगानी डुब्न पुगेको छ । सहकारी अवधारणाको गलत प्रयोगले गर्दा नै धेरै व्यक्ति बर्बाद भएका छन् । सहकारीका सञ्चालकहरू पनि करोडपतिबाट खाकपति भएका छन् ।

सहकारी अवधारणाको प्रयोग गलत किसिमले भएकोले नै नेपालमा ठूला–ठूला नेताहरू सहकारी–काण्डमा मुछिएका छन् । बदनाम भएका छन् । संसद्भित्र सहकारी प्रकरणले गर्दा सांसदहरूबीच हात हालाहालको स्थिति उत्पन्न भएको छ। केयौंपटक संसद् सञ्चालन हुन पाएको छैन । धेरैपटक अवरुद्ध भएको छ ।

सहकारी अवधारणाको गलत प्रयोगले गर्दा दलहरूबीच कटुतासमेत उत्पन्न भएको छ । देशको आर्थिक विकासका लागि दलहरू सहमति गर्दै, मिलेर अगाड बढ्नुपर्नेमा, उल्टो झगडा गर्न व्यस्त भएका छन्। महत्त्वपूर्ण समय बर्बाद गर्दै, दल र तिनका नेताहरू एक अर्कालाई गालीगलौज गर्न व्यस्त भएका छन् ।

सहकारीको अवधारणा नौलो होइन। युरोपमा १८ औ शताब्दीको अन्त्य तथा १९ औ शताब्दीको प्रारम्भमा विभिन्न सहकारी संस्थाहरूको स्थापना भएको थियो। नेपालमा सहकारी अवधारणाको प्रयोग धेरै पछि हुन थालेको पाइन्छ । हुनत राणा शासनको समाप्तपछि नेपालमा सहकारी संस्थाहरूको स्थापना एवं प्रयोग गर्ने प्रयास भएको देखिन्छ । २०२१ सालतिर कृषि सामग्री, मल, बीउ–बिजन, औजार आदि कृषकहरूलाई सहज किसिमले उपलब्ध गराउन विभिन्न किसिमका सहकारी संस्थाहरूको स्थापना भएको पाइन्छ । त्यसकालमा स्थापना भएका सहकारीहरूले सफलता भने प्राप्त गर्न सकेनन् । बन्द भए ।

नेपालमा 'सहकारी ऐन, २०७४' निर्माण एवं लागू भएपछि सहकारी संस्थाहरूको स्थापनामा तीव्रता आएको पाइन्छ । सहकारी संस्थाहरूको स्थापना २०४६ सालको राजनीतिक परिवर्तन पहिले र पछि पनि नभएको होइन । अनेक किसिमका सहकारी संस्थाहरू स्थापनन भएका थिए । मुख्यगरी काठमाडौंमा जग्गा खरीद गर्नेहरूलाई चर्को ब्याज दरमा ऋण दिन वा स्वयंले नै ठूलो परिमाणमा जग्गा खरीद गरेर त्यसलाई टुक्राटुक्रा पारी महँगोमा बिक्री गर्ने उद्देश्यले पनि अनेक व्यक्तिले सहकारी संस्था, सहकारी वित्तीय संस्था आदि स्थापना गरेका थिए ।

**किन डुबे धेरै सहकारी संस्था ?**

विभिन्न सहकारी संस्थाहरू डुब्नुका तीन प्रमुख कारणहरू थिए–

पहिलो कारण थियो– सरकार वा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) ले सहकारी संस्थाहरूको गतिविधिको नियमित र प्रभावकारी अनुगमन नगर्नु । सहकारी संस्था (बैंक एवं वित्तीय सङ्गठन) हरूले कोष निर्माण कसरी गरिरहेका छन्, कोषको प्रयोग कुन किसिमले र कहाँकहाँ गरिरहेका छन्, ब्याज (लिने र दिने) प्रणाली कस्तो छ, आदि विषयमा राष्ट्र बैंकले नियमित निगरानी गर्नुपर्थ्यो। तर राष्ट्र बैंकले त्यस किसिमबाट निगरानी गर्न सकेन। सहकारी संस्थाहरूले आफूसँग रहेको निक्षेप, जुन सानासाना बचतकर्ताहरूबाट प्राप्त गरेका थिए, कसरी र कहाँ लगानी गरिरहेका छन्, उनीहरूले गरेको लगानी उचित छ कि छैन, ऋण लिनेहरूको आर्थिक क्षमताजस्ता विषयमा पनि राष्ट्र बैंकले नियमित र प्रभावकारी निगरानी गर्नुपर्थ्यो। तर राष्ट्र बैंकले निगरानी गर्न सकेन ।

दोस्रो कारण थियो– अनियन्त्रित ब्याज दर। सहकारी संस्थाहरूले लिने र दिने, दुवै ब्याजदरमाथि राष्ट्र बैंकले निगरानी गर्नुपर्थ्यो। नियन्त्रण गर्नुपर्थ्यो। कतिपय सहकारी वित्तीय संस्थाहरूले ठूलो मात्रामा कोष खडा गर्न निक्षेपकर्ताहरूलाई वार्षिक ३६ प्रतिशतसम्म पनि ब्याज दिए, यस्तो सुनिएको थियो। राष्ट्र बैंकले उच्च दरमा ब्याज दिनबाट सहकारी संस्थाहरूलाई रोक्नुपर्थ्यो । निक्षेपकर्ताहरूलाई ३६ प्रतिशत ब्याज भुक्तान गर्न सहकारी संस्थाहरू स्वयंले कम्तिमा पनि ४० प्रतिशत प्रतिफल आउने व्यवसायमा लगानी गर्नुपर्छ। तर स्थिति त्यस्तो थिएन। केवल हचुवा वा कल्पनाको भरमा, यस्तो भएमा त्यस्तो हुन्छ भन्ने आशाको आधारमा धेरै सहकारी संस्थाहरूले उच्च दरमा निक्षेपकर्ताहरूलाई ब्याज दिने घोषणा गरेका थिए ।

ठोस अध्ययन र अनुसन्धान नगरी केवल कल्पनाको भरमा निर्माण गरिएका योजनाहरूमा ठूलो लगानी गर्नबाट रोक्न सहकारी संस्थाहरूमाथि राष्ट्र बैंकले निगरानी गर्नुपर्थ्यो । त्यस्तो गर्ने सहकारीहरू बन्द गर्नुपर्थ्यो ।

तेस्रो कारण थियो– निक्षेपकर्ताहरूको गलत अपेक्षा । निक्षेपकर्ताहरूले जहिले पनि आफूले लगानी गर्ने व्यवसाय वा सङ्गठनको आर्थिक क्षमता, विश्वसनीयता एवं कार्य पद्धतिको मूल्याङ्कन एवं विश्लषेण गर्नुपर्छ। आफूले गरेको त्यस किसिमको मूल्याङ्कन तथा विश्लेषणबाट उचित देखिएको व्यवसाय वा सङ्गठनमा मात्र आफ्नो बचत लगानी गर्नुपर्दछ । कुनै संस्था वा व्यवसायले आफ्नो आर्थिक क्षमता बलियो छ भनी केवल प्रचार गरेको भरमा, राम्रो प्रतिफल दिन्छु भनेको भरमा, वा कसैले यो राम्रो मुनाफा आउने अवसर हो भनेको भरमा कहिले पनि आफ्नो बचत लगानी गर्नुहुँदैन । तर निक्षेपकर्ताहरूले नगर्न हुने काम गरे । सहकारी संस्थाहरूले लोभ्याएको (बढी ब्याज दिने घोषणा गरेको) भरमा धेरै बचतकर्ताहरूले अनेक सहकारी संस्थाहरूमा लगानी गरे । लगानी गर्दा वा आफ्नो बचत कतै कुनै बैंक वा सहकारी संस्थाहरूमा जम्मा गर्दा ती सहकारी वा सङ्गठनहरूको आर्थिक क्षमता, कार्य पद्धति एवं विश्वसनीयताको अनिवार्य मूल्याङ्कन एवं विश्लेषण गरेनन् ।

सहकारी आफैंमा नराम्रो अवधारणा होइन । नेपालको सन्दर्भमा, यस अवधारणाको गलत प्रयोग गरिएको कारणले सहकारी अवधारणा नराम्रो भएको हो। विवादमा परेको हो ।

गरीबहरूको आर्थिक स्थिति सपार्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। सहकारी संस्थाहरूले गर्ने कार्यको नियमित अनुगमन गर्ने हो र राष्ट्र बैंकले अभिभावकको भूमिका निर्वाह गर्ने हो भने सहकारी संस्थाहरूले अवश्य पनि साना बचतकर्ताहरूको हित अभिवृद्धि गर्न सक्छन् ।

सहकारी संस्थाहरूलाई गरीबहरूको हितमा काम गर्ने बनाउन सरकारले 'निक्षेप बीमा' कार्यक्रम लागू गर्दा उचित हुन्छ। निक्षेप बीमा भनेको बचतकर्ताहरूको तोकिएको निक्षेपको सरकारले बीमा गरिदिनु हो । अर्थात् साना वा गरीब बचतकर्ताहरूले कुनै बैंक, वित्तीय संस्था वा सहकारी संस्थामा गरेको लगानी (निक्षेप) यदि लगानी गर्न संस्था डुबेमा सरकारले उक्त रकम दिने व्यवस्था हुनु हो । नेपालको सन्दर्भमा साना बचतकर्ताहरूको रु ५० हजारसम्मको निक्षेपको बीमा सरकारले गरिदिंदा राम्रो हुन्छ। यस्तो भएमा, साना बचतकर्ताहरूले लगानी गरेको बैंक वा सहकारी संस्था डुबे पनि साना बचतकर्ताहरूको लगानी (निक्षेप) डुबन पाउँदैन । साना बचतकर्ताहरूको रु ५० हजार भए पनि जोगिन्छ । सरकारले बीमा गरिदिएको कारणले गर्दा साना बचतकर्ता वा निक्षेपकर्ताको लगानी डुब्न पाउँदैन। र यसरी गरीबहरूको हितको संरक्षण गर्न सकिन्छ। सहकारीको अस्तित्व जोगाउन सकिन्छ। सहकारीलाई गरीबमुखी बनाउन सकिन्छ ।

कुनै पनि प्रणाली आफैंमा खराब हुँदैन। सहकारी पनि खराब प्रणाली होइन। तर हामीले यसलाई गलत किसिमले प्रयोग गरेर खराब पारेका छैनौं भने। हामी सबै नैतिकवान भएर काम गर्ने हो भने सहकारी हाम्रो लागि, गरीबहरूको लागि वरदान साबित हुन सक्छ ।

## जलवायुमा परिवर्तन न्यूनीकरणमा साझेदारीको आवश्यकता

काठमाडौं, १० जेठ/रासस

जलवायु परिवर्तन न्यूनीकरणका गतिविधि प्रभावकारी बनाउन विश्वव्यापीरूपमा साझेदारीको



तस्वीरः सौजन्य

आवश्यकता रहेको वक्ताहरूले जोड दिएका छन् । बुधवारदेखि काठमाडौंमा शुरू भएको 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'को बिहीवार दोस्रो दिनका सहभागीले सो कुरामा जोड दिएका हुन्। 'पर्वतीय कार्ययोजनालाई अगाडि बढाउँदैः विश्वव्यापी सहयोग र क्षेत्रीय साझेदारी' विषयक अन्तिम सत्रमा मुख्य सचिव डा वैकुण्ठ अर्यालले अन्तर्राष्ट्रिय साझेदारीका लागि साझा मञ्च निर्माण गर्न आवश्यक रहेकामा जोड दिए। उनले शून्य कार्बन उत्सर्जन रणनीति प्रभावकारी बनाउन नेपाल लागिरहेको जानकारी गराए ।

जलवायु परिवर्तनको असर पर्वतीय क्षेत्रमा मात्रै सीमित नभई विश्वव्यापी समस्या भएको जनाउँदै समाधानका लागि सबैको साझा मुद्दा बन्नुपर्छ भने। "जलवायु परिवर्तनको मुद्दा निकै संवेदनशील मुद्दा बनेको छ, जलवायुका कारण हिमालको हिउँ पग्लँदै गएमा यसले ठूलो दुर्घटना निम्त्याउने भएकाले समयमा नै सचेत हुनुपर्छ," मुख्यसचिव अर्यालले भने, "जलवायु परिवर्तनसम्बन्धी वित्तमा सहज पहुँचका लागि आवाज उठाउनुपर्छ। हाम्रो आवाज बलियो बनाउनका लागि पर्वतीय मुलुकको सञ्जालमार्फत गएमा आवाज बलियो हुन्छ।"

उनले हरित ऊर्जा प्रवर्द्धनका लागि सरकारले विद्युतीय सवारीसाधनको करको दायरा नबढाइएको जनाउँदै नेपालले विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिएको जानकारी दिए । पूर्वमुख्यसचिव तथा राष्ट्रिय सुरक्षा परिषद्का सल्लाहकार डा शङ्करदास बैरागीले अन्य तल्लो तटीय क्षेत्रको सुरक्षाका लागि पर्वतीय क्षेत्रको सुरक्षा जरुरी रहेकोमा जोड दिए ।


जलवायु परिवर्तन निकै जटिल विषय रहेको छ। हामीले गरिरहेको गतिविधि विश्वव्यापीरूपमा नै जलवायुको परिवर्तन न्यूनीकरणका लागि काम गरिरहेका छौं भन्ने सन्देश दिन जरुरी छ ।

विकसित देशले कार्बन उत्सर्जन सीमित राख्नुपर्नेछ। लक्षित किसिमका कोष हिमाली देशका लागि छुट्याउनुपर्नेछ। उक्त सत्रमा एकीकृत पर्वतीय विकासको लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड)का महानिर्देशक पेमा ग्यामत्सो, विश्व बैंकको वातावरण विज्ञ स्टिफन डान्यो तथा पर्वत साझेदारी सचिवालय एफएओका संयोजक रोसालउरा रोमेओले पनि आआफ्नो धारणा राख्दै जलवायुको समस्या निराकरणमा साझेदारीको आवश्यकता औंल्याएका छन् ।

## १० महीनामा करीब १९ प्रतिशत खर्च

जनकपुरधाम, १० जेठ/ रासस

मधेस प्रदेशमा चालू आर्थिक वर्षको १० महीनामा १८ दशमलव आठ प्रतिशत




मात्र खर्च भएको छ ।

मधेस प्रदेश लेखा नियन्त्रणको कार्यालय जनकपुरधामले मधेस प्रदेश सरकारको कुल बजेट रु ४४ अर्ब ११ करोड ४० लाख ३२ हजारमध्ये उक्त अवधिमा १८ दशमलव आठ प्रतिशत मात्र खर्च भएको जनाएको हो। उक्त अवधिमा चालू खर्चतर्फ २४ दशमलव ६४ प्रतिशत अर्थात् रु चार अर्ब ४६ करोड ७४ लाख ६८ हजार तथा पूँजीगततर्फ १४ दशमलव ४४ प्रतिशत अर्थात् रु तीन अर्ब ६९ करोड २१ लाख ८० हजार बजेट खर्च भएको कार्यालयका लेखा अधिकृत मनोज झाले जानकारी दिए ।

मधेस प्रदेशको वर्तमान सरकारमा सम्बन्धित मन्त्रालयमा मन्त्रीको हेरफेर, सचिवलगायत कर्मचारीको अभाव, निमित्तको भरमा मन्त्रालय सञ्चालन हुनु, योजना र बजेट बाँडफाँडलगायत समस्याले लक्ष्य अनुसार विनियोजित बजेट खर्च नभएको उनले बताए ।

चालू आर्थिक वर्षको पूर्ण बजेटमध्ये चालूतर्फ १८ अर्ब ५४ करोड ५८ लाख तथा पूँजीगततर्फ २५ अर्ब ५७ करोड ७५ लाख ७४ हजार अर्थात् ४४ अर्ब ११ करोड ४० लाख ३२ हजार कुल बजेट रहेको सो कार्यालयले जनाएको छ । गत आर्थिक वर्षमा कुल बजेटको ६१ प्रतिशत मात्र खर्च भएको थियो ।

आर्थिक वर्ष सकिन एक महीना मात्र बाँकी रहेकाले यही अवस्थामा यसपटक ५० प्रतिशतसमेत बजेट कार्यान्वयन हुन चुनौती रहेको जानकारहरूको भनाइ छ ।

**गोरखाकी ...**


झुन्डिएर उद्धार गर्ने काम गर्दै आएकी छन् । उनले सोलुखुम्बुको खुम्बु क्षेत्र र गोरखाको मनास्लु क्षेत्रमा हेलिकप्टरमा झुन्डिएर हिमालको चुचुरा, खोच, ग्लेसियरसम्म पुगेर उद्धार कार्य गर्दै आएकी छन् । पहिलो नेपाली महिला हेलिकप्टर लामोलाइन उद्धारकर्ता फुञ्जो यसअघि नै तेन्जिङ–हिलारी पुरस्कारबाट सम्मानित भइसकेकी छन् ।

## गर्मीले अन्डा उत्पादन घट्दा लागत बढ्यो

चितवन, १० जेठ/रासस

अन्डाको मूल्य बढेपछि उत्साहित कुखुरापालक किसान गर्मीका कारण उत्पादन घटेपछि निराश भएका छन् । उत्पादनमा कमी आएसँगै अन्डाको लागत बढेको छ ।

नेपाल भेटेरिनरी एशोसिएशन बाग्मती प्रदेशका अध्यक्ष डा दीपक तिवारी यो समयमा कुखुराले दानापानी कम खाने र कमजोर हुने हुँदा रोगको जोखिम बढ्ने बताउँछन् । गर्मीमा २० देखि २५ प्रतिशत उत्पादनमा ऱ्हास आउने गर्छ। गर्मीसँगै एच नाइन रोगका कारण पनि उत्पादनमा गिरावट आएको छ । दिउँसो कुखुरालाई दाना नखुवाउन सुझाव दिंदै उनले उत्पादन घटेकाले किसानको लागत मूल्य बढेको जानकारी दिए ।



तस्वीरः एजेन्सी

पोल्ट्री क्षेत्रमा लामो अनुभव सँगालेका विज्ञ डा तिलचन्द्र भट्टराई उत्पादन घटेसँगै लागत मूल्य बढ्दा किसान र व्यवसायी प्रभावित भएको बताउँछन्। हाल एउटा अन्डा तयार गर्न रु १६ हाराहारी खर्च हुने गरेको छ। यसअघि अन्डाको लागत मूल्य रु १४.५० थियो ।

नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेल चर्को गर्मी र रोगका कारण अन्डा उत्पादनमा कमी आएको बताउँछन् ।

दैनिक ५० देखि ६० लाखवटा अन्डा उत्पादन हुँदै आएकामा आधा घटेको उनी बताउँछन् ।

पोल्ट्री व्यवसायी मञ्च चितवनका अध्यक्ष रघुनाथ भट्ट किसानले लागत मूल्य पाउन नसकेका भन्दै अन्य वस्तुको तुलनामा अन्डाको मूल्य कम रहेको बताउँछन् । उनले भने, "धेरै किसान विस्थापित भए, अब पनि लागत मूल्य नपाए व्यवसाय ध्वस्त हुन्छ ।"

मञ्चका पूर्वअध्यक्ष राजेन्द्र लामिछाने पोल्ट्री व्यवसाय संवेदनशील भएकोले राज्यले यसलाई विशेष ध्यान दिनुपर्ने बताए ।

# मारमा उपभोक्ता: सकसमा अधिकार

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**सामान्यतया मूल्य बढ्नुमा आर्थिक कारण जिम्मेवार हुन्छ । जस्तै उत्पादन घट्नु, बजारको माग अनुरूप आपूर्ति हुन नसक्नु, कालोबजारी र व्यवसायीको बढी नाफा लिने प्रवृत्ति नै मूल कारण हुन् । यसका साथै मुलुकभित्र झाँगिएको सिन्डिकेट पनि मूल्यवृद्धिको अर्को कारण हो ।**

सामान्यत: जीविकाका लागि वस्तु वा सेवा खरीद गरी उपभोग गर्ने प्रत्येक व्यक्ति वा संस्थालाई उपभोक्ता मानिन्छ। उपभोगको चक्रलाई हेर्दा कुनै एक वस्तु वा सेवाको बिक्रेता वा आपूर्तिकर्ता अर्को वस्तु वा सेवाको क्रेता वा उपभोगकर्ता हुने भएकोले समाजका सबै व्यक्ति वा संस्था कुनै न कुनै रूपमा उपभोक्ता नै हुन्छन्। उपभोक्ता नभएको कुनै व्यक्ति वा संस्था हुँदैन। यस अर्थमा उपभोक्ता हकहित संरक्षणलाई आम रूपमा सबै नागरिकको हकहित संरक्षणका रूपमा हेर्न आवश्यक छ। उपभोक्ता संरक्षण अभियानलाई व्यक्तिको दैनिक जीवनयापनसँग सम्बन्धित आधारभूत हक–अधिकार संरक्षणका रूपमा लिन सकिन्छ। वस्तुत: उपभोक्ता हित संरक्षण गुणास्तरीय जीवनयापनसँग सम्बन्धित भएकाले उपभोक्ता हकलाई मानव अधिकारको अभिन्न अङ्का रूपमा समेत लिने गरिन्छ। उपभोक्ता आफूले उपभोग गर्न चाहेको वस्तु वा सेवा गुणस्तरयुक्त हुनुपर्ने र सो वस्तु वा सेवा उपयुक्त समयमा, उचित मूल्यमा र सहज पाउनुपर्छ भन्ने उपभोक्ता अधिकारको आधारभूत मान्यता पनि हो।

उपभोक्ता हकले मूलत: वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ। उपभोक्ताको अधिकारको हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्त्वपूर्ण विषय हो। कुनै खास वस्तु वा सेवामा बिक्रेताको एकाधिकार, खरीदकर्ताको सौदाबाजी क्षमतामा कमी वा खरीदकर्ताभन्दा बिक्रेता सङ्गठित र शक्तिशाली हुने अवस्थालगायत कारणले बिक्रेताबाट हुन सक्ने गलत व्यावसायिक अभ्यासविरुद्ध आम उपभोक्तामा चेतना अभिवृद्धि गर्नु, उनीहरूलाई क्षति हुन नदिनु र क्षति हुन गएमा सोबापत क्षतिपूर्ति उपलब्ध गराउनु उपभोक्ता संरक्षण कानूनको उद्देश्य रहेको हुन्छ। त्यसैले नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ताको मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ। गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्ने र त्यसबाट कुनै प्रकारको क्षति भएमा क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था छ। ती हकको कार्यान्वयनका लागि विशेष ऐनका रूपमा सरकारले उपभोक्ता संरक्षण ऐन–२०७५ कार्यान्वयनमा ल्याएको छ। तर मौलिक हक कार्यान्वयनका लागि राज्यस्तरबाट जेजे गर्नुपर्ने हो, त्यस कार्यका लागि भने सरकारी निकाय लगभग मौन छ।

उपभोक्ता संरक्षण ऐन–२०७५ को दफा ६५ ले उपभोक्ता संरक्षण ऐन–२०५४ लाई खारेज गरेको छ तर सो ऐनबमोजिम दर्ता भई सुनुवाइका क्रममा रहेका दर्जनौं मुद्दाबारे उपभोक्ता संरक्षण ऐन–२०७५ मौन छ, जसले गर्दा उपभोक्ताका दर्जनौं उजूरी जिल्ला प्रशासन कार्यालयमा थन्किरहेका छन्। सर्वोच्च अदालतले समेत २०७८ फागुन ८ मा कुमारी खरेलविरुद्ध नेपाल सरकारको मुद्दामा फैसला गर्दै सरकारका नाममा उपभोक्ता अदालत गठन गर्न परमादेश पनि दिएको थियो। तर सरकारले संविधानको व्यवस्थाबमोजिम उपभोक्ता संरक्षण ऐन २०७५ जारी गर्नुबाहेक अन्य कार्यको शुरूआतसम्म गर्न सकेको छैन। वस्तु र सेवा क्षेत्रमा ढुक्क भएर आम उपभोक्ताले उपभोग गर्ने वातावरण सिर्जना गर्नुपर्ने राज्यको प्रमुख दायित्व भए पनि उपभोक्ताले बजारमा उपलब्ध वस्तु तथा सेवाको निर्धक्क उपभोग गर्ने वातावरण सिर्जना हुन सकेको छैन।

राज्यको प्रमुख प्राथमिकतामा उपभोक्ता अधिकार पर्न नसक्नु विडम्बना हो। सरकारी अनुगमनले मूल्य, गुणस्तर र नापतौलमा नेपाली उपभोक्ता दिनरातै ठगिइरहेको विषयलाई सम्बोधन गर्न सकेको छैन। आम उपभोक्ता अखाद्य, गुणस्तरहीन सामग्रीको उपभोग गर्न बाध्य छ। देशको स्वास्थ्य र शिक्षा क्षेत्र नागरिकमैत्री हुन सकेको छैन। सञ्चार, यातायात, विद्युत्, खानेपानी, ढल निकास, सडक आदि क्षेत्रको दुरवस्था कहालीलाग्दो छ। आम उपभोक्तासँग प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा जोडिने कुनै पनि क्षेत्रमा सन्तोषजनक काम हुन सकेको छैन। अनुगमन र नियमन पनि सीमित क्षेत्रहरू दाल, चामल, तेल, गेडागुडीलगायत खाद्यान्नमा मात्र सतही हिसाबले हुने गरेको छ। सरकारी अनुगमनले मूल्य, गुणस्तर र नापतौलमा नेपाली उपभोक्ता दिनरात ठगिइरहेको विषयलाई सम्बोधन गर्न सकेको छैन। महँगी निरन्तर बढ्दो छ। महँगी यही गतिले बढिरहने हो भने समाजमा विद्रोह निम्तिन सक्ने तथ्य अन्य मुलुकका घटनाक्रमले समेत देखाइसकेका छन्। अस्वाभाविक मूल्यवृद्धिका कारण दैनिक जीवनयापनमैं कठिनाई देखिएपछि आम नागरिक विद्रोह गर्ने अवस्थामा पुग्छ। असहज परिस्थिति नआओस् भनी बजारलाई स्वस्थ र सन्तुलित राख्न एवं अचाक्ली मूल्यवृद्धि हुनबाट रोक्न संविधान, कानून तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा उपभोक्ता अदालत गठन गर्न र जिल्ला क्षतिपूर्ति समितिमा परेका उजूरीहरूको सुनुवाइ गर्न सरकार गम्भीर हुनैपर्छ।

मूल्य नियमन गर्ने सशक्त संयन्त्रको अभाव रहेको छ भने गुणस्तर मापनका लागि खडा गरिएका विभागमा समयानुकूल जनशक्ति थप नहुनु, आवश्यक स्रोत–साधनको व्यवस्था नहुनु, अत्याधुनिक प्रविधिमार्फत परीक्षण नहुनु, सहज र सरलीकृत प्रयोगशालाको अभाव हुनु तथा भएका केही प्रयोगशाला परीक्षणमा नागरिकको सहज पहुँच नहुनु जस्ता विकराल समस्या यथावत् छन्। सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका स्वच्छ बजार कायम गर्ने नियमनकारी निकायबीच आपसी समन्वय र सहकार्य हुन सकेको छैन। नागरिकको जीउज्यान र स्वास्थ्यसँग जोडिएका गम्भीर विषय प्राथमिकतामा परेकै छैनन्। अबोध बालक, वृद्धवृद्धा र अशक्त नागरिकले बढी मात्रामा प्रयोग गर्नुपर्ने दूध, पानी, तरकारी, फलफूल, माछामासुलगायत वस्तुको 'प्याकेजिङ' गर्नुपर्ने व्यवस्था भए पनि यस्ता वस्तुको गुणस्तरबारे आम उपभोक्तामा रहेको शङ्का निवारण गर्न राज्य पूर्णरूपमा चुकेको देखिन्छ। विश्वव्यापी स्वच्छ र प्रतिस्पर्धी बजारको मान्यताविपरीत भइरहेको क्रियाकलाप नियन्त्रण गर्न विभिन्न मापदण्ड, नीति–नियम, ऐन, कानून समयसापेक्ष परिवर्तन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने भए पनि सरकारमा तदारुकता देखिएको छैन।

बजारमा सर्वमान्य विधिको शासन स्थापित गरी वस्तु तथा सेवाको मूल्य र गुणस्तरबारे व्यावसायिक सचेतना र उपभोक्ता शिक्षा प्रदान गर्न सरकारी निकायले जुन हिसाबले जिम्मेवारी बोध गर्नुपर्ने हो, त्यसो हुन सकेको छैन। बजारको माग अनुसार आपूर्ति गर्न स्वदेशी उत्पादन र आयातको विवरण झल्कने वैज्ञानिक अभिलेख राख्न सकिएको छैन। संविधानमा व्यवस्था गरिएको मौलिक हकको सफल कार्यान्वयन गर्ने हो भने बजार अनुगमन, नियमन, अध्ययन र सहज आपूर्ति व्यवस्था गरिनुका साथै अन्तर्राष्ट्रिय मूल्य–मान्यता आत्मसात् गर्ने नीति कार्यान्वयन हुनैपर्दछ। त्यस्तै मूल्य नियमन, विश्लेषण र निर्धारण गर्ने, नमूना सङ्कलन र परीक्षण गर्ने व्यवस्था कडाइसाथ पालना हुनुपर्छ। उपभोक्ता संरक्षण ऐन, २०७५ पुनर्लेखन गरी वस्तु सेवा क्षेत्रमा छरिएका कानूनको छाता कानून निर्माण गर्न आवश्यक छ। दण्ड र पुरस्कार दुवै राज्यले सँगसँगै लैजानुपर्ने अहिलेको आवश्यकता देखिएको छ। नेपालमा मात्र बिक्री गर्ने भनी आयात गरिएका तर स्पष्टसँग लेबल नखुलेका खाद्यवस्तुलाई सरकारले पूर्णरूपमा आयात प्रतिबन्ध गर्नुपर्छ। उपभोक्ताको मौलिक हक संरक्षण गर्न गुनासो सुनुवाइ र व्यवस्थापन गर्नेगरी सरकारले शक्तिशाली उपभोक्ता आयोग गठन गरे मात्र सकसमा परेका उपभोक्तामाथि न्याय भई अधिकार संरक्षणसमेत हुनेछ।

आम नागरिकलाई अस्वाभाविक महँगीको मारबाट बचाउन सरकार, निजी क्षेत्रलगायत सबै सरोकारवाला एकजुट हुनुपर्नेमा मूकदर्शक भएर बस्नुले आम उपभोक्तामा चरम निराशा छाएको छ। सामान्यतया मूल्य बढ्नुमा आर्थिक कारण जिम्मेवार हुन्छ। जस्तै उत्पादन घट्नु, बजारको माग अनुरूप आपूर्ति हुन नसक्नु, कालोबजारी र व्यवसायीको बढी नाफा लिने प्रवृत्ति नै मूल कारण हुन्। यसका साथै मुलुकभित्र झाँगिएको सिन्डिकेट पनि मूल्यवृद्धिको अर्को कारण हो। सिन्डिकेट र कार्टेलिङप्रति सरकार उदासीन बस्दा मुलुकमा महँगी अनियन्त्रित रूपमा बढेको दाबी उपभोक्ता अधिकारकर्मीको छ।

अनियन्त्रितरूपबाट बढेको महँगीको मारमा एउटा ग्रामीणस्तरको सामान्य परिवारदेखि मुलुकको अर्थतन्त्रसमेत प्रभावित भइरहेको हुन्छ। एकातिर यसले विपन्न, निम्न मध्यम र मध्यम वर्गको दैनिक जीवन कष्टकर बनाइराखेको हुन्छ भने अर्कोतिर यसले मुलुकको समग्र अर्थतन्त्रलाई नै नराम्ररी प्रभावित गरिराखेको हुन्छ। यसको असर दीर्घकालीनरूपमा बढ्दै गयो भने समाजमा विभिन्न खाले विभेद बढ्छ। फलस्वरूप मुलुकमा विभिन्न खाले द्वन्द्व र सामाजिक समस्या सृजना हुन पुग्छ। त्यसकारण पनि कालोबजारी र अस्वाभाविक नाफा खाने प्रवृत्तिलाई हतोत्साहित गर्दै राज्यले आम उपभोक्तालाई उपभोग्य वस्तुमाथि सहज र सरल पहुँच उपलब्ध गराउन सक्नुपर्दछ। तर सरकार यस मामिलामा किञ्चित संवेदनशील देखिएको छैन। खाद्य वस्तुमा मिसावट गरी कालोबजारी गर्ने र त्यस्ता वस्तुको कृत्रिम अभाव सृजना गरी रातारात चर्को मूल्यवृद्धि गरी अस्वाभाविक नाफा आर्जन गर्ने व्यापारीहरूको बिगबिगी छ। जनताप्रति जिम्मेवारी बोकेको लोकतान्त्रिक सरकारले त्यस्ता व्यापारीहरूलाई कारबाई भने गर्न सकेको छैन।

वास्तवमा उपभोक्ता हक अधिकार संरक्षण नभएको कुनै पनि मुलुकले समृद्धि हासिल गर्न सकेको देखिएको छैन। यसका लागि सहज र सरल ढङ्गबाट गुणस्तरीय खाद्यान्न र खाद्य पदार्थसम्म आम नागरिकको पहुँच बढाउन सरकार, विभिन्न उपभोक्तावादी सङ्घ–सङ्गठन र अधिकारकर्मीका साथै राजनीतिक दललगायत सबै पक्षाको एकीकृत प्रयासबाहेक अरू विकल्प छैन।



म्याग्दीको रघुगङ्गा गाउँपालिका–७ चिमखोलाको कालीबराह बुकीमा यार्सागुम्बा सङ्कलन गर्दै गरेका स्थानीय बासिन्दा। यस क्षेत्रमा अहिले स्थानीयले बुकीमैं बास बसेर यार्सागुम्बा सङ्कलन गरिरहेका छन्। तस्बिर: कमल खत्री/रासस

# हरित ऊर्जा प्रवर्द्धनमा जोड

काठमाडौं, १० जेठ/रासस

सरोकारवालाहरूले जलवायु परिवर्तनको समस्या निराकरणका लागि हरित ऊर्जा प्रवर्द्धनमा जोड दिएका छन्। यहाँ जारी 'हिमाल, मानव र जलवायु परिवर्तन: विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'को दोस्रो दिन बिहीवार 'आर्थिक वृद्धि: स्वच्छ ऊर्जा र हरित अर्थव्यवस्था' विषयक सत्रमा सहभागी उनीहरूले हरित ऊर्जा प्रवर्द्धनमा जोड दिएका छन्।



तस्वीर: सौजन्य

प्रतिनिधिसभा सदस्य डा स्वर्णीम वाग्लेले विश्वमा जलवायु परिवर्तनसम्बन्धी समस्या न्यूनीकरणका लागि विश्वव्यापीरूपमा नै पहल आवश्यक रहेको बताए। "जलवायु परिवर्तनको समस्या निराकरणका लागि हरित अर्थव्यवस्थामा गएमा वायुमण्डलमा बढिरहेको तापक्रम वृद्धिदर एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य कायम राख्न सक्छौं," उनले भने, "धनी मुलुकहरूका कारण विश्वमा कार्बन उत्सर्जन बढिरहेको छ। कार्बन उत्सर्जन कम गर्न हरित ऊर्जा प्रवर्द्धन जरुरी छ।" उनले शून्य कार्बन रणनीतिक योजना कार्यान्वयनमा हुनुपर्नेमा पनि जोड दिए। नवीकरणीय ऊर्जा बढाउन सरकारले अनुदान दिन जरुरी रहेको वाग्लेको भनाइ थियो।

एशियन इन्स्टिच्युट अफ टेक्नोलोजी, थाइल्यान्डका प्राडा शोभाकर ढकालले जलवायु परिवर्तनले ल्याएको समस्या निकारणको दिगो उपाय खोज्दै ऊर्जा क्षेत्रको सुरक्षा गर्न आवश्यक रहेको धारणा राखे। "हरित ऊर्जाको विकासमा जोड दिन सकेमा जलवायुको असर न्यूनीकरणका नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारी हुनेछ," उनले भने, "जलविद्युत्सम्बन्धी अर्थव्यवस्था हिमाली क्षेत्रमा जरुरी छ, तसर्थ ऊर्जा क्षेत्रमा सन्तुलन आवश्यक छ।"

जलवायुसम्बन्धी जोखिम सम्बोधनका लागि निजी क्षेत्रसँग सहकार्य जरुरी रहेको उनको भनाइ थियो। ढकालका अनुसार आर्थिक वृद्धिका लागि हरित अर्थतन्त्र, हिमाली स्थानीय स्रोत साधनको उपयोग जरुरी छ।

संयुक्त राष्ट्रसङ्घ आवासीय कार्यक्रम म्यानमाका कार्यक्रम प्रबन्धक डा क्याटेरिना क्यामरिन्हासले हरित अर्थतन्त्र प्रवर्द्धन गर्न सकेमा जलवायुको जोखिम न्यूनीकरण गर्न सकिनेमा जोड दिइन्। ऊर्जा खपत बढाउन सकेमा पनि कार्बन उत्सर्जन कटौतीमा सहयोग पुग्ने उनको भनाइ छ। उनका अनुसार राम्रा योजना निर्माण गर्न सकेमा हरित ऊर्जाको प्रवर्द्धनमा सहयोग पुग्नेछ।

संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम दक्षिण अफ्रिकाका प्राविधिक सल्लाहकार डा मार्क ताडरोसले जलवायु परिवर्तका कारण निम्तिएको जोखिमको समाधानको खोजीमा जुट्न जरुरी रहेको बताए। "जलवायुमा आएको परिवर्तनका कारण देखिएको जोखिम पत्ता लगाउन प्रविधिको व्यापक प्रयोग बढाउन जरुरी छ," उनले भने, "खानेपानीको माग बढिरहेको छ, जलवायुले पानीको स्रोत सुकाउँदै गएमा पानीको हाहाकार मच्चिन सक्छ र जलविद्युत्मा पनि असर गर्छ।"


## चिकित्सकहरूको विवरण

### शिशु तथा बालरोग

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

### फिजिसियन

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**


## अन्तर्राष्ट्रिय समाचार

# दक्षिण कोरियाद्वारा चिप्स उद्योगलाई प्रोत्साहन

सियोल, १० जेठ/एएफपी

दक्षिण कोरियाले चिप्स उद्योगलाई प्रोत्साहन गर्न १९ अर्ब डलरको योजना सार्वजनिक गरेको छ।

राष्ट्रपति युन सुक योलले बिहीवार देशको महत्त्वपूर्ण सेमीकन्डक्टर उद्योगका



लागि १९ अर्ब डलरको सहयोग योजना घोषणा गरेका हुन्।

दक्षिण कोरियामा सामसुङ इलेक्ट्रोनिक्स र एसके हाइनिक्सजस्ता विश्वमा धेरै मेमोरी कार्ड र चिप्स उत्पादन गर्ने ख्यातिप्राप्त कम्पनीहरू रहेका छन्। दक्षिण कोरियाले गत वर्ष चार खर्ब ५६ अर्ब अमेरिकी डलरको निजी लगानी प्रयोग गरेर विश्वको सबैभन्दा ठूलो चिप्स सेन्टर निर्माण गर्ने प्रतिज्ञा गरेको थियो।

राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्ति अनुसार नयाँ कार्यक्रमबारे राष्ट्रपति युनले भने–"हामीले २६ ट्रिलियन कोरियन वोन बराबरको सेमीकन्डक्टर उद्योगको लागि एउटा व्यापक सहयोग कार्यक्रम बनाएका छौं। यसमा वित्तीय, पूर्वाधार, अनुसन्धान र विकास, साथै साना र मझौला आकारका कम्पनीहरूको लागि सहयोग समावेश छ।"

यो प्याकेजमा यसै महीनाको शुरूमा घोषणा गरिएको सात अर्ब अमेरिकी डलर लगानी पनि समावेश छ।

युनले सियोलले रोजगार बढाउने र उद्योगमा थप प्रतिभा आकर्षित गर्ने आशामा चिप लगानीका लागि कर लाभ विस्तार गर्ने पनि बताए।

कार्यक्रम अनुसार सियोलले बाहिरी भागमा 'मेगा चिप्स क्लस्टर' पनि निर्माण गरिरहेको छ। कोरिया सरकारले यो विश्वको सबैभन्दा ठूलो सेमीकन्डक्टर बनाउने उद्योग हुने र लाखौं रोजगार सिर्जना गर्ने दाबी गरेको छ।

युनले भने–"तपाईंहरू सबैलाई थाहा छ, सेमीकन्डक्टर उत्पादन राष्ट्रिय विकासका लागि अवसर र चुनौतीको क्षेत्र हो। यसले अर्थतन्त्र र समाजलाई सशक्त बनाउँदै कोरियाली आवश्यकता अनुसार पूर्णतया हतियार निर्माणका समग्री र हतियार निर्माणमा पनि सहयोग गर्नेछ।"

उनले भने–"जीत वा हार उच्च सूचना संस्करण क्षमताको साथ अत्याधुनिक सेमीकन्डक्टरहरू कसले बनाउँदछ भन्नेमा निर्भर गर्दछ। सेमीकन्डक्टरलाई राज्यले सहयोग गर्नुपर्छ जसले उनीहरू प्रतिस्पर्धीभन्दा पछि नपरून्।"

नयाँ प्याकेजका लागि कोरिया विकास बैंकमार्फत '१७ ट्रिलियन वोनको नयाँ सेमीकन्डक्टर वित्तीय सहायता कार्यक्रम' सञ्चालन हुनेछ, जसले कम्पनीहरूलाई महत्त्वपूर्ण नयाँ लगानी गर्न अनुमति दिनेछ।

"कम्पनीहरूले नयाँ कारखानाको विस्तारजस्ता सुविधाहरूमा ठूलो रकम लगानी गर्दा तरलताको समस्या उत्पन्न हुन्छ तर कोरिया विकास बैंकको सहयोग कार्यक्रममार्फत यी समस्याहरू धेरै हदसम्म समाधान हुनेछन् भन्ने मलाई विश्वास छ"–उनले भने।

यो योजनाले एक ट्रिलियन वोन बराबरको 'सेमीकन्डक्टर पारिस्थितिक कोष' पनि सिर्जना गर्नेछ। यसले □यावलेस (हार्डवेयर यन्त्र र अर्धचालक चिपहरूको उत्पादन र बिक्री) का क्षेत्रमा काम गर्ने कम्पनी र उद्योगसँग सम्बन्धित साना र मझौला उद्यमहरूलाई सहयोग गर्नेछ।

"हाम्रो फ्यावलेस बजार हिस्सा अझै पनि एक प्रतिशतको दायरामा छ, र प्रणालीगत सेमीकन्डक्टरहरू उत्पादन गर्दछ र टिएसएमसीजस्ता अग्रणी कम्पनीहरूसँग रहेको अन्तर घटाउन असमर्थ छ"–यूनले भने।

यसै महीनाको शुरूमा सियोलले आफ्नो चिप उद्योगलाई सहयोग गर्न सात अर्ब डलरभन्दा बढीको सहायता प्याकेज स्थापना गर्ने घोषणा गरेको थियो। यो योजना एशियाको चौथो ठूलो अर्थतन्त्र मानिने दक्षिण कोरियाका लागि महत्त्वपूर्ण सेमीकन्डक्टर क्षेत्रलाई बढावा दिने अभियानको एक हिस्सा हो।

कोरियाली सरकारले चिप्स, डिस्प्ले र ब्याट्रीसहित छवटा प्रमुख प्रविधिमा ठूलो लगानी गर्न खोजिरहेको बेला यो कदम चालिएको हो। रासस



गौतम बुद्धको २५६८औं जयन्तीका अवसरमा सर्लाहीको बाग्मती नगरपालिका–११ स्थित बुद्ध शान्ति तपोवनमा रहेको बुद्धको प्रतिमामा पूजापाठ गर्दै बौद्ध धर्मावलम्बीहरू। तस्बिरः सिङ्गबहादुर थापा/रासस

# अभिमुखीकरण गोष्ठी सम्पन्न

प्रस, रौतहट, १० वैशाख/

स्वास्थ्य कार्यालय रौतहटको



तस्वीरः प्रतीक

आयोजनामा जिल्ला खोप समन्वय समिति तथा सञ्चारकर्मीहरूको एक दिने अभिमुखीकरण गोष्ठी हिजो बुधवार सम्पन्न भएको छ।

गोष्ठीमा विश्व स्वास्थ्य सङ्गठन फिल्ड अफिस जनकपुरका डा सुरेश शुक्लाले पोलियो रोग उन्मूलनका लागि जेठ १३ देखि २६ गतेसम्म राष्ट्रिय खोप कार्यक्रम अभियानको रूपमा सञ्चालन हुने जानकारी गराएका थिए।

पोलियो रोग भाइरसबाट हुने भएकोले सचेत हुन आग्रह गर्दै पोलियो रोग लागेपछि निको नहुने बताएका थिए। उनले अफगानिस्तान र पाकिस्तानमा पोलियो रोग देखा परेको बताउँदै २०७० चैत १३ गतेदेखि यो खोप सञ्चालनमा रहेको बताए।

२०७१ आश्विन महीनादेखि शुरू भएको खोप २०७३ वैशाखदेखि २०७५ भदौ महीनासम्म, खोप अभाव हुँदा त्यस बेला जन्मेका बालबालिकालाई लक्षित गरी खोप सञ्चालन हुन गइरहेको कार्यक्रममा बताइएको थियो।

देशभरि १४ लाख ६२ हजार ७१२ जना बालबालिका खोपबाट वञ्चित रहेकाले अभियानका रूपमा पोलियोविरुद्धको खोप अभियान सञ्चालन हुन गइरहेको हो।

विद्यालयहरूमा खोप केन्द्र स्थापना गरी खोप दिने लक्ष्य रहेको जसमध्ये रौतहटमा ३७ हजार ८४७ जना बालबालिकालाई खोप दिने लक्ष्य छ। रौतहटमा ३९ हजार बालबालिकालाई पुग्ने खोप आइसकेको कार्यक्रममा बताइएको थियो।

जिल्ला समन्वय समिति, रौतहटका सभापति रामअयोध्या राय यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादव, जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रहरी उपरीक्षक दिलीप घिमिरे, राष्ट्रिय अनुसन्धानका प्रहरी उपरीक्षक अभिनय सिंह, सशस्त्र प्रहरीका हेमराज अधिकारी, स्वास्थ्य कार्यालय रौतहटका प्रमुख विपिनकुमार साह, नेपाल पत्रकार महासङ्घ रौतहटका सभापति प्रेमचन्द्र झालगायतले कार्यक्रममा आआफ्नो धारणा राखेका थिए।

# राष्ट्रपति रायसीको गृहनगरमा अन्त्येष्टि

तेहरान, १० जेठ/एएफपी

हेलिकप्टर दुर्घटनामा परी मृत्यु भएका इरानका राष्ट्रपति इब्राहिम रायसीको बिहीवार उनको गृहनगरमा अन्त्येष्टि गरिएको छ।

बाँध उद्घाटन गरी फर्कने क्रममा आइतवार देशको उत्तरपश्चिम हिमाली क्षेत्रमा हेलिकप्टर दुर्घटना हुँदा ६३ वर्षीय रायसीसहित इरानी विदेशमन्त्री र अन्य छजनाको मृत्यु भएको थियो।

उनको अन्तिम विश्रामस्थल उत्तरपूर्वी शहर मशादमा रहेको एक महत्त्वपूर्ण शिया समाधिस्थल इमाम रेजाको पवित्र दरगाहमा हुनेछ। मशाद रायसीको जन्मस्थल हो।

इरानी सञ्चारमाध्यमले बुधवार सार्वजनिक गरेको तस्बिरमा मशादका इरानको दोस्रो ठूलो शहर मशादस्थित इमाम रेजा दरगाह वरिपरि राईसी, कालो झन्डा र शिया प्रतीकहरूको ठूला फोटा राखिएका छन्।



अधिकारीहरू अन्त्येष्टिको अन्तिम दिनको तयारी गरिरहेको देख्न सकिन्छ।

अन्त्येष्टिको तयारी भइरहँदा राजधानी तेहरानमा बुधवार दिवङ्गत राष्ट्रपति रायसीलाई अन्तिम श्रद्धाञ्जलि दिन ठूलो भीड जम्मा भएको थियो। इरानी अधिकारी र सञ्चारमाध्यमले रायसीलाई 'शहीद' को संज्ञा दिएका छन्।

बुधवार तेहरानमा भएको श्रद्धाञ्जलि सभामा सर्वोच्च नेता अयातोल्लाह अली खामेनीले दुर्घटनामा ज्यान गुमाएका राष्ट्रपति रायसी र अन्य आठजनाको कफिनअगाडि घुँडा टेकेर उनीहरूको आत्माको शान्तिका लागि प्रार्थना गरेका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सुयश |
| मिथुन – अलमल | कर्कट – धनलाभ |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – कडाश्रम | मकर – चोरभय |
| कुम्भ – भयचिन्ता | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

**ठोरीका ...**

तथा योग प्रशिक्षण आगामी सोमवार सकिनेछ। कार्यक्रममा सरस्वती मावि गौतमनगर, नेरामावि ओडार, श्री मावि विजयबस्ती र वनशक्ति आविका १३ जना शिक्षकको सहभागिता छ। माविस्तरीय विद्यालयबाट चारजनाको दरले शिक्षकहरूको सहभागिता भएको र वनशक्ति आविका प्रधानाध्यापकको सहभागिता थियो तथा अन्य विद्यालयबाट प्रधानाध्यापक, पिटी शिक्षक, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका शिक्षकहरूको सहभागिता रहेको आयोजकले जनाएको छ।

कार्यक्रममा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, वीरगंजका प्रमुख गुप्ताको सभापतित्वमा भएको कार्यक्रमको सहजीकरण उक्त कार्यालयका वरिष्ठ कविराज निरीक्षक नागेन्द्रप्रसाद पटेलले गरेका थिए भने स्वागत मन्तव्य कार्यालयकै वैद्य निरीक्षक दिनेश साहले गरेका थिए।



नेपाल कला परिषद् बबरमहलमा जारी 'देवीदेवताहरू' शीर्षकको कला प्रदर्शनीमा राखिएका आकर्षक कला सिर्जनाहरू। तस्बिरः नारायण ढुङ्गाना/रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# चोरबाटो प्रयोग गर्दै ईरिक्शा

प्रस, परवानीपुर, १० जेठ/
वीरगंजमा ईरिक्साहरू चोरबाटो प्रयोग गर्दै सञ्चालन भइरहेका छन् ।


तस्वीरः प्रतीक

अन्य यातायात व्यवसायीहरूका अनुसार रोड परमिट नभएको क्षेत्रमा चोरबाटो प्रयोग गर्दै ईरिक्शा चलिरहेका छन् । मुख्य सडकखण्डमा ट्राफिक र प्रहरीले रोड परमिटको विषयमा कडाइ गरेपछि ईरिक्शा चालकहरूले चोरबाटो प्रयोग गरी सञ्चालन गरिरहेको बताइएको छ।

वीरगंज महानगर क्षेत्रभित्र मात्रै केही ईरिक्सालाई रोड परमिट दिइए पनि उनीहरूले वीरगंज-पथलैया सडकखण्डमा अवैधरूपमा चलाउँदा आफूहरूलाई मर्का परेको अन्य यातायात व्यवसायीहरूको आरोप छ । बारा-पर्सा परवानीपुर यातायात व्यवसायी सङ्घका अध्यक्ष गुलमहमद मियाँले विभिन्न चारवटा यातायातमा आबद्ध करीब दुई सय म्याजिक भ्यान र सिटीराइड बस वीरगंजबाट पथलैयासम्म सञ्चालन भइरहेकामा दैनिक करीब एक हजार ईरिक्शा गण्डकभन्दा उत्तर अर्थात् परवानीपुर, जीतपुर, पथलैयासम्म चल्दा आफूहरूको कारोबारमा असर परेको गुनासो गरे ।

उनले यस्तो समस्याको सवालमा सरोकारवाला नियमनकारी निकायलाई कडाईगर्न पहल गर्दा समेत सोचे अनुसारको नतीजा नपाएको र आफूहरूको व्यवसाय प्रभावित भएको बताए ।

वीरगंजमा हाल करीब छ हजारभन्दा बढी ईरिक्शा सञ्चालनमा छन् । वीरगंजका विभिन्न ठाउँबाट रूट निर्धारण गरी महानगरपालिका र यातायात व्यवस्था कार्यालयबाट रोड परमिट पाएर केही ईरिक्शा मात्रै सञ्चालन हुनुपर्नेमा रोड परमिटबेगर अधिकांश ईरिक्शा राजमार्गमा चल्दा दुर्घटनाको जोखिम बढ्नुका साथै वैधानिकरूपमा सरकारलाई बर्सेनि लाखौं राजस्व तिर्ने यातायात व्यवसायीहरूलाई मर्का परेपछि अवैधरूपमा सञ्चालित ईरिक्शाहरूमा रोक लगाउनुपर्ने उनीहरूको माग छ ।

हाल वीरगंज-पथलैया सडकखण्डमा बारा-पर्सा परवानीपुर, वीरगंज-पथलैया मझौला यातायात व्यवसायी सङ्घ, गुरुकृपा यातायात व्यवसायी सङ्घ, वीरगंज-पथलैया सिटीराइड बस व्यवसायी सङ्घ गरी चारवटा यातायात व्यवसायी सङ्घमा दुई सय म्याजिक भ्यान र सिटीराइड बस सञ्चालनमा रहेका छन्। ईरिक्शा जथाभावी सञ्चालन हुँदा वैधानिकरूपमा चल्ने अन्य यातायातको कारोबार कम हुँदा बैंकको किस्तासमेत तिर्न नसकेर तनाव सृजना भइरहेको व्यवसायीहरूको भनाइ छ ।

यस सम्बन्धमा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख एवं ट्राफिक प्रहरी निरीक्षक भास्कर खतिवडाले यसबारेमा आफूले जानकारी लिई कडाइका साथ कारबाही प्रक्रिया अगाडि बढाइने बताए ।

उनले यातायात र वीरगंज महानगरबाट कतिको सङ्ख्यामा ईरिक्शाले रोड परमिट पाएका छन् जानकारी लिने बताए । वीरगंजमा यकीनका साथ कति ईरिक्शा सञ्चालनमा छन् भन्ने अवस्था नरहेको उनले बताए ।

## चट्याङको समयमा सतर्क रहौं ।

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**






### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

**कृषि ...**

केन्द्रलाई जिम्मा लगाएपछि हालसम्म सरसफाइ र मर्मतसम्भारमा गरी सञ्चालनमा ल्याउँदा करीब रु दुई करोड खर्च भइसकेको छ ।

केन्द्रका संस्थापक वैज्ञानिक महावीर पुनले आफ्नो जीवनीमा आधारित पुस्तक बेचेर उक्त कारखाना सञ्चालन गर्ने अठोटका साथ देशभरि किताब बेच्दै हिंडेका छन्। सरकारले व्यवस्थापन र मर्मतसम्भार खर्चबापत अनुदान दिने भनेकोमा हालसम्म दिएको छैन। वैज्ञानिक पुनले नेपालमै सबैभन्दा बढी पुस्तक बिक्री गरेका छन्। उनले हालसम्म रु पाँच करोडको पुस्तक बिक्री गरिसकेका छन्। उनको किताबको मूल्य रु ६८० पर्छ ।

सरकारले कृषि औजार कारखाना सञ्चालनको लागि बजेट विनियोजन नगरेकोले सरकार उक्त कारखाना सञ्चालन गर्न उदासीन देखिएको किसानहरूको आरोप छ । तत्कालीन सोभियत सङ्घको सहयोगमा २०२३ जेठ २६ गते वीरगंज-१४ पिपराको १० बिघा जग्गामा कृषि औजार कारखाना निर्माण कार्य सकेर २०२४ फागुन २८ गते तत्कालीन राजा महेन्द्रवीरविक्रम शाहदेवले समुद्घाटन गरी सञ्चालनमा ल्याएका थिए ।

तर सो कारखाना घाटामा गएको भन्दै तत्कालीन नेपाली काङ्ग्रेस नेतृत्वको सरकारले २०५० देखि कारखाना बन्द गरेको थियो ।

# खेलकूदको संसार

## युनिक युवा क्लब फाइनलमा

प्रस, सेढवा, १० जेठ/
जीराभवानी गाउँपालिकामा सञ्चालित दोस्रो जीराभवानी मेयरकप फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार भएको


तस्वीरः प्रतीक

अन्तिम सेमिफाइनल खेलमा युनिक युवा क्लब, सढी विजयी भई फाइनलमा प्रवेश गरेको छ। सढीले युवा प्रगति समाज, सेढवालाई एक गोलका विरुद्ध चार गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो। यस खेलमा सढीका जर्सी नं १७ का खेलाडी आदित्य चौधरी 'म्यान अफ दी म्याच' घोषित भए ।

प्रतियोगिताको फाइनलमा ब्रह्मबाबा युवा क्लब, सहजानपुर र युनिक युवा क्लब, सढीबीच प्रतिस्पर्धा हुनेछ। फाइनल खेल शनिवार हुनेछ। प्रतियोगिताको विजेता टीमलाई नगद ५० हजार र उपविजेतालाई २५ हजार नगदसहित ट्रफी प्रदान गरिने आयोजक क्लबका सदस्य चक्रधारी चौधरीले बताए ।

## कबड्डी टोली बङ्गलादेश प्रस्थान



तस्वीरः सौजन्य

काठमाडौं, १० जेठ/रासस
चौथो बङ्गबन्धु कप पुरुष अन्तर्राष्ट्रिय कबड्डी प्रतियोगितामा सहभागी हुन बिहीवार १२ खेलाडीसहित १६ सदस्यीय नेपाली टोली बङ्गलादेशको ढाका प्रस्थान गरेको छ ।

यही मे २६ देखि जून ३ तारिख (जेठ १३ गतेदेखि २१)सम्म हुने प्रतियोगितामा विभिन्न १२ राष्ट्रको सहभागिता रहने अखिल नेपाल कबड्डी सङ्घका महासचिव अरविन्दकुमार झाले जानकारी दिए। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी 'लिग कम नकआउट' आधारमा खेल खेलाइनेछ ।

समूह 'ए'मा नेपालसहित बङ्गलादेश, श्रीलङ्का, इराक, मलेशिया र इन्डोनेशिया रहेका छन् भने 'बी'मा थाइल्यान्ड, जापान, पाकिस्तान, दक्षिण कोरिया, केन्या र पोल्यान्ड छन् ।

सहभागी खेलाडीमा घनश्याम रोका मगर (कप्तान), गणेश कार्की, मनोज भट्ट कपाडी, जीतेन्द्र अवस्थी, सागर यादव, इसरात मियाँ, कमलेश लोनिया, प्रकाश गिरि, खगेन्द्र जोशी, सुशील चुनारा, रोहन श्रेष्ठ र विशाल थापा छन्।

टोलीका कप्तान घनश्याम भारतको प्रो-कबड्डी लिग खेलिसकेका खेलाडी हुन् । उनी १०औं संस्करणमा हरियाणा स्लिर्समा १३ लाख भारतीय रुपैयाँमा अनुबन्ध भएका थिए । घनश्यामले १०औं संस्करणमा चार टीमविरुद्ध खेल्ने अवसर पाएका थिए। उनले तेलगु टाइटन्स, गुजरात जाइन्ट्स, यु मुम्बा र बङ्गलुरु बुल्सविरुद्ध खेलेका थिए। घनश्याम प्रो-कबड्डी लिगमा आबद्ध हुने नेपाली खेलाडीमध्ये सर्वाधिक पारिश्रमिक लिने खेलाडी हुन् ।

यसअघि सञ्जय श्रेष्ठ र जयबहादुर बोहराले समान रु आठ/आठ लाख तथा लालमोहर यादव र नागेश्वर चौधरीले समान १०/१० लाख भारतीय रुपैयाँ पारिश्रमिक लिएका महासचिव झाले जानकारी दिए ।

विष्णुदत्त भट्ट प्रशिक्षक, महेश चन्द व्यवस्थापक तथा तर्कराज भट्ट र रमेशचन्द्र ओझा अफिसियलको भूमिकामा टीमसँगै बङ्गलादेश गएका छन् । नेपाली टोलीलाई राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले आज आयोजित कार्यक्रममा सफलताको शुभकामना दिंदै बिदाइ गरेका थिए ।

## महिला एशिया कप क्रिकेटका लागि नेपाली टोली घोषणा

काठमाडौं, १० जेठ/रासस
नेपाल क्रिकेट सङ्घ (क्यान)ले एसिसी महिला एशिया कप क्रिकेट प्रतियोगिताको लागि बिहीवार २८ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको छ । एशियाली क्रिकेट काउन्सिल (एसिसी)को आयोजनामा हुने महिला एशिया कप क्रिकेट प्रतियोगिताको लागि इन्दु बर्माको कप्तानीमा नेपाली टोली रहेको छ । प्रतियोगिता आगामी जुलाई १९ देखि २८ तारिखसम्म श्रीलङ्कामा हुँदैछ ।




छनोट हुने अन्य नेपाली सदस्यमा सबनम राई, रुबिना क्षेत्री, सीता रानामगर, खुशी डङ्गोल, बिन्दु रावल, कविता कुँवर, रुबी पोदार, लक्ष्मी साउद, यशोदा विष्ट, कीर्तिका मरासिनी, सोनी पाखिन, राजमती ऐरी, हेलिशा गुरुङ र सम्झना खड्का छन् ।

यस्तै, अलिशा खाडिया, कविता जोशी, अप्सरी बेगम, काजोल श्रेष्ठ, सङ्गीता राई, आरती महतो, रोमा थापा, सावित्री धामी, ममता चौधरी, करुणा भण्डारी, पूजा महतो, अस्मिना कर्माचार्य र डोली भट्ट छन् ।

प्रतियोगितामा नेपाल समूह 'ए'मा परेको छ । नेपालको समूहमा भारत, पाकिस्तान र संयुक्त अरब इमिरेट्स तथा 'बी'मा श्रीलङ्का, बङ्गलादेश, मलेशिया र थाइल्यान्ड छन् ।